## परिच्छेद- एक

## परिचय

### पृष्ठभूमि

समाहित शिक्षा भन्नाले सबै बालबालिकाहरूका लागि विभेदरहित वातावरणमा समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया भन्ने बुझिन्छ ।यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिँदै बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ । समाहित शिक्षा पद्धति राष्ट्रिय एवम् स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवम् विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा पुगेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको समाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्न बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्दछ ।

अङ्ग्रेजीमा प्रयोग भएको इन्क्लुसिभ एजुकेसनको अर्थ अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीको पृष्ठ सङ्ख्या ४८८ र ७८५ मा उल्लेख भए अनुसार - इन्क्लुसिभ भन्नाले सँगै जोडेर वा एकैसाथ भन्ने बुझिन्छ भने एजुकेसन भन्नाले विद्यालय वा कुनै पनि शैक्षिक संस्थामा गरिने शिक्षण सिकाइ प्रक्रिया हो, जसले व्यक्तिलाई ज्ञान तथा क्षमताको विकास गराउँछ ।

हेमाङ्गराज अधिकारीको प्रयोगात्मक नेपाली शब्दकोश- २०६१ पृष्ठ सङ्ख्या ९८० र ९३९ मा उल्लेख भए अनुसार समाहित भन्नाले एकै ठाउँमा समेटिएको, जम्मा गरिएको, सँगालिएको वा समावेश गरिएको भन्ने अर्थ हुन्छ भने शिक्षा भन्नाले देखेर, सुनेर, पढेर, सिकेर वा अनुभव गरेर प्राप्त हुने ज्ञान वा सीप भन्ने बुझिन्छ  वा विद्यालय, महाविद्यालय आदिबाट प्राप्त हुने ज्ञान, विद्या जनाउँछ ।

इन्क्लुसिभ एजुकेसन कोर ग्रुप २०६० का अनुसार हाल राष्ट्रिय स्तरमा पहिचान गरिएका समाहित शिक्षाको प्रमुख लक्षित समूह निम्न छन् - बालबालिका, महिला, अपाङ्ग, दलित, जनजाति, सडक बालबालिका, द्वन्द्व पीडित, बेचविखन तथा यौन शोषणबाट पीडित, गरिब,

कमैया तथा बँधुवा मजदुर बालबालिका, असहाय, अनाथ, रोगग्रस्त बालबालिका जस्तै : एच.आइ.भी. एड्स, कुष्ठरोग, क्षयरोग र श्रमिक बालबालिका पर्दछन् ।

माथिका परिभाषा तथा प्रमुख लक्षित समूहको पहिचान अनुसार शिक्षाले अपाङ्ग मात्र नभएर शिक्षाको अवसरबाट वञ्चित रहका तथा सिकाइमा मूल रूपमा परिस्थितिजन्य वा अन्यकारणले कठिनाई भोगिरहेका सबै खालका बालबालिकालाई समेट्दछ । यो एउटा छुट्टै नयाँ कार्यक्रम नभएर भइरहेको प्रणालीमा सुधार गरी सबैको आवश्यकतालाई पूरा गर्न सहयोग पुऱ्याउने रणनीति हो । यसले विद्यालयलाई सुधार गरी “सबैका लागि विद्यालय” अर्थात् सबैखालका केटाकेटीहरूलाई विद्यालयले स्वागत गरी उनीहरूको आवश्यकता तथा खाँचो बमोजिम शिक्षा र तालिम प्रदान गर्दछ । सिकाइका लागि कुनै पनि कारणले वहिस्कृत भएका वा समाहित नभएका वर्गका लागि विद्यालयले स्वागत योग्य वातावरण तयार गरी सिकाइमा सहभागी गराउनु पर्दछ ।

**समाहित शिक्षाको ऐतिहासिक पृष्ठभूमि**

नेपालमा समाहित शिक्षा कार्यक्रममा एउटा नयाँ अवधारणाका रूपमा आएको हो । यो अवधारणालाई स्पेनको सालामान्कामा जुन ७-९ सन् १९९४ मा सम्पन्न भएको विशेष आवश्यकता शिक्षा सम्बन्धी विश्व सम्मेलनबाट व्यवहारमा ल्याउन थालिएको हो । यस अवधारणा अनुसार नियमित रूपमा सञ्चालन भइरहेको हाम्रो विद्यालयमा विना भेदभाव समुदायका सबै किसिमका बालबालिकाहरूलाई शिक्षा हासिल गर्न आह्वान गर्नुपर्छ । “शिक्षाको अवसरबाट वञ्चित रहेका गरिब, पिछडिएका वर्ग, दलित, बालश्रमिक, सडक बालबालिका, अपाङ्ग, भाषिक कठिनाइ भएका भौगोलिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याई उनीहरूको आवश्यकता, रुचि, चाहना र क्षमता अनुकूल सिकाइ उपलब्धि हासिल गर्ने वातावरणको विकास गर्ने शिक्षा नै समाहित शिक्षा हो ।” यो अवधारणालाई विभिन्न देशहरूले व्यवहारमा उतार्न थालेका छन् ।

हाम्रो देशमा पनि यसलाई कार्यान्वयन गर्ने सम्बन्धमा आर्थिक वर्ष २०५६/०५७ देखि डेनमार्कको काउन्टी अफ कोपन हेगन, रोयल डेनिस युनिभर्सिटी अफ एजुकेसन र शिक्षा तथा खेलकुद मन्त्रालय बीच सम्झौता भयो । सम्झौता पश्चात् संस्थागत सम्बोधन कार्यक्रम (आइएलपी) अन्तर्गत डेनिस परामर्शदाता मार्फत् शिक्षा विभाग विशेष शिक्षा शाखासँग समन्वय गरी समाहित शिक्षाको परीक्षण लागू गरियो । परीक्षण कार्यक्रम लागू

गर्ने क्रममा तराई, पहाड र हिमाली क्षेत्रको समेत अनुभव हासिल गर्न सकिने गरी बाँके जिल्लाको चारवटा विद्यालय, उदयपुरको चारवटा विद्यालय, सिन्धुपाल्चोकको २ वटा विद्यालय र काभ्रेको २ वटा विद्यालय गरी जम्मा १२ वटा विद्यालयमा परीक्षणका रूपमा वि.सं. २०५८ बाट यो कार्यक्रम लागू भएको हो ।

उपरोक्त कार्यक्रमलाई समग्र राष्ट्रिय शैक्षिक मूल आधारमा अगाडि बढाउने सिलसिलामा सन् २००३ सम्ममा बाँके, उदयपुर, काभ्रे र सिन्धुपाल्चोकका ९/९ वटा विद्यालय र झापा, चितवन, बर्दिया र डडेल्धुराका ६/६ वटा विद्यालय गरी जम्मा ६० वटा विद्यालयहरूमा समाहित शिक्षा लागू गरिएको छ । सबैका लागि शिक्षा २००४-२००९ मा क्रमशः समावेशी शिक्षालाई विद्यालयहरूमा लागू गर्दै लैजाने क्रममा रहेको छ । जसअनुसार ५ वर्षे अवधिमा जम्मा ५०० विद्यालयहरूमा विस्तार हुने भनिएको यो कार्यक्रम २२ जिल्लाका २१० वटा विद्यालयहरूमा विस्तार भइसकेको छ । जिल्ला शिक्षा कार्यालयले सम्भव भएसम्म एउटा स्रोतकेन्द्रको एउटै गाउँ विकास समिति भित्र भौगोलिक रूपमा नजिक रहेका तीनवटा विद्यालयहरू छनोट गर्नु पर्नेछ । एउटै गाउँ विकास समिति भित्र नजिकमा तीनवटा विद्यालय नरहेको अवस्थामा मात्र जिल्ला शिक्षा कार्यालयले छिमेकी गाउँ विकास समितिको विद्यालयलाई छनोट गर्न सक्नेछ (लुइटेल, २०६९) ।

समाहित शिक्षा कार्यक्रम अन्तर्गत गरिएका प्रमुख क्रियाकलापहरूको सूची यस प्रकार छ :

- सबै शिक्षकहरूको सहभागितामा कार्यशाला सञ्चालन,
- विद्यालयसँग सम्बन्धित व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् अन्य अभिभावकहरूको सहभागितामा सेमिनार सञ्चालन,
- प्राथमिक कक्षाहरूका वैयक्तिक विद्यार्थीको लेखाजोखा गरेर छिटो सिक्ने, मध्यम सिकाइ क्षमता भएको र ढिलो सिक्ने गरी तीन भागमा विभाजन गरिएको,
- विद्यार्थीको अनुकूल सिकाइ वातावरण बनाउन कक्षाकोठाको अचल फर्निचरलाई लचिलो बनाएको,
- विद्यार्थीहरूको सिकाइलाई लचिलो बनाउन समूह-समूह बनाएको,
- शिक्षकहरूका लागि सामग्री निर्माण र सामग्री बहुप्रयोग गर्ने तरिका सिकाएको ।

सबै बालबालिकाले गुणात्मक शिक्षा हासिल गर्न सकून् भनेर नेपाल सरकारले समाहित शिक्षालाई एउटा मुख्य रणनीतिका रूपमा लिएको छ, जसका सहायताले बहुसांस्कृतिक,

लैङ्गिक, बहुभाषिक, बहुजातीय जस्ता थरीथरीका विविधताहरू भएका व्यक्तहरूलाई हाम्रो देशमा आवश्यकता अनुसार समेट्ने प्रयास गरिएको छ । समावेशीकरण वास्तवमा व्यवहारिक र मनोवृतिमा परिवर्तन ल्याउनका लागि हो, जसले गर्दा विविध पृष्ठभूमि र क्षमता भएका सबै बालबालिकाहरूले शिक्षा लिन सफल हुन सक्छन् । जनसङ्ख्याको ठूलो हिस्सालाई आफ्नो गाउँघरको आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक जीवनमा सार्थक रूपले सहभागी हुनबाट वञ्चित गराउनु हाम्रो मुलुकले भोग्नुपर्ने ठूलो समस्या हो । यस्तो परिवेशमा समाहित शिक्षालाई समुदायको समानता र गुणात्मक अभिवृद्धि गर्ने शैक्षिक प्रयासका रूपमा हेरिएको छ । समाहित शिक्षा सहनशील र प्रजातान्त्रिक समाज विकास गर्ने योगदान पुऱ्याउने एउटा औजार हो । समाहित शिक्षा कार्यक्रम सर्वप्रथम चारवटा जिल्लाहरूमा "नमुना परियोजना" का रूपमा सुरुवात गरिएको थियो । यसका लागि नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय एवम् कोपन हेगनको डेनिस शिक्षा विश्वविद्यालय बीच संस्थाको सम्बन्धन कार्यक्रम मार्फत् प्राविधिक सहयोग उपलब्ध गराइएको थियो ।

समाहित शिक्षाले सबै बालबालिकाहरूको आफ्नै समुदायमा सान्दर्भिक शिक्षा हासिल गर्ने अधिकारलाई सुरक्षित गर्नुपर्दछ । समाहित शिक्षाको त्यस्तो शैक्षिक प्रणालीलाई प्रबर्द्धन गर्नुपर्दछ । जसले विभेदकारी वातावरणलाई हटाउँदै देशको उच्च सांस्कृतिक विविधतालाई अङ्गीकार गर्दछ । यसले सामुदायिक स्वामित्व माग र आवश्यकतालाई स्वीकार गर्दछ । उपयुक्त वातावरण र सहयोग जुटाइयो भने सबै बालबालिकाले सिक्न सक्छन भन्ने कुरामा विश्वास गर्दछ । यो एउटा यस्तो रणनीति हो, जसलाई कुनै पनि कारणले विद्यालयबाट वञ्चित गरेको वा खास सन्दर्भमा विद्यालय छाड्न जोखिममा रहेको बालबालिकाहरूको पहिचान गनुपर्दछ । समाहित शिक्षाले बालबालिका केन्द्रित पद्धति मार्फत् समाजिक,सांस्कृतिक र शैक्षिक आवश्यकताहरूलाई पूरा गर्दछ ।

समाहित शिक्षा कार्यक्रम मुख्यतः चारवटा सिद्धान्तमा आधारित छ :

१. सबै बालबालिकाले शिक्षा आर्जन गर्ने नैसर्गिक अधिकार छ ।

२. सबै बालबालिकाले सिक्न सक्दछन् ।

३. सबै बालबालिकाहरू फरक छन् ।

४. शिक्षक, अभिभावक र समुदायको सहयोगबाट सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ (समाहित शिक्षाको परीक्षण कार्यक्रम, पृष्ठ ४८)

**समाहित शिक्षाको उद्देश्य**

सबैलाई निःशुल्क र अनिवार्य आधारभूत (कक्षा १-८) प्रदान गरी तथा माध्यमिक शिक्षा(कक्षा ९-१२) र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरूलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरू उपलब्ध गराउने साथै शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याई शिक्षा प्रदान गर्ने (शर्मा, २०७०) ।


समाहित शिक्षाले जोड दिएका अर्थपूर्ण र उपयोगी सिकाइ केन्द्रित क्रियाकलाप हुनुपर्ने, शिक्षकको काम सिकाइ वातावरण मिलाउने, बालबालिकालाई स्वयम् सिकाइ अनुकूल वातावरण तयार पार्ने जस्तै : अवलोकन गरेर, छोएर, प्रयोग गरेर, विचार गरेर सिक्ने वातावरण मिलाउने, बालकेन्द्रित शिक्षण विधिलाई जोड दिने, शिक्षण सिकाइमा विभिन्न विधिहरू जस्तै : प्रश्नोत्तर, छलफल, कथाकथन, भूमिका, अभिनय प्रदर्शन, अध्ययन क्षेत्र भ्रमण, समस्या र परियोजना कार्य आदि विधिको प्रयोग गर्नुपर्दछ ।

आधारभूत समाहित शिक्षा तालिम पुस्तिका, २०६२ मा उल्लेख भए अनुसार आजको विश्वले सामना गरिरहेको सबैभन्दा ठूलो समस्या मध्ये आफ्नो समुदायको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक जीवनमा हुनुपर्ने सार्थक सहभागिताबाट बढ्दो सङ्ख्यामा व्यक्तिहरू वञ्चित हुनु हो भन्ने कुरा उल्लेख गरिएको छ । यस्तो समाज न त दक्ष हुन्छ न त सुरक्षित नै । राज्यपक्षबाट समाजमा असह्य समूहहरूको सहभागिता सुरक्षित गर्नका निम्ति सकारात्मक विभेद गर्न सकिने कानुनी प्रावधानको व्यवस्था गरेको छ । समान र विकेन्द्रित व्यवस्थामा जोड दिनका लागि केही महत्त्वपूर्ण सुधारहरू लागू गरिएका छन् । ती मध्ये सबैभन्दा महत्त्वपूर्ण हो दशौं पञ्चवर्षीय योजना जुन नेपालको गरिबी निवारण रणनीति पनि हो, सामाजिक समावेशीकरणलाई आफ्नो चारवटा खम्बा मध्ये एउटा खम्बाका रूपमा अङ्गीकार गरेको छ । त्यसैले लैङ्गीक, जातीय तथा जातमा आधारित भेदभावलाई हटाउनका लागि समाहित शिक्षालाई केन्द्रिय पद्धतिका रूपमा अङ्गीकार गरेको छ । यसमा विकेन्द्रीकरणलाई मूल रणनीतिका रूपमा प्रस्तुत गरिएको छ, जसमा विद्यालयको शिक्षा बढ्दो सामुदायिक सहभागिताद्वारा स्थानीय रूपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

संयुक्त राष्ट्र संघ लगायत सदस्य राष्ट्रहरूको तत्वावधानमा सन् १९९० मा भएको सबैका लागि शिक्षा भन्ने विषयमा थाइल्याण्डको जोम्टिनमा सम्पन्न विश्व सम्मेलनले शिक्षा सबैका लागि भन्ने लक्ष्य निर्धारण गर्यो । आफ्नो समुदाय भित्र सान्दर्भिक शिक्षा प्राप्त गर्नु सबै बालबालिकाहरूको अधिकारको कुरा हो भन्ने सहमत भए । सीमान्तकरण र भेदभावको मारमा परेर असहाय भएका केटाकेटीहरू र युवाहरूको आवश्यकता परिपूर्तिका लागि वर्तमान रणनीतिहरू र कार्यक्रमहरू धेरै मात्रामा अपर्याप्त र अनुपयुक्त छन् भन्ने कुरा ठम्याइएको छ । सीमान्तकरण र वञ्चितीकरण गरिएका विभिन्न समूहलाई लक्षित गरिएको कार्यक्रमहरू विद्यमान छन् । जस्तै विशेष कार्यक्रमहरू, विशिष्टकृत संस्थाहरू र विशेषज्ञ शिक्षा दाताका रूपमा रहेका छन् । शिक्षा सम्बन्धी अर्को विश्व बैठक पुनः सन् २००० मा सम्पन्न भयो जसलाई “डकार विश्व शिक्षा घोषणा” भनिन्छ । यो बैठकले “सबैका लागि शिक्षा” भन्ने कुरा प्रष्ट गर्यो । कार्यक्रमले गरिब र सबभन्दा असुविधामा रहेका मानिसहरूको आवश्यकतालाई ध्यानमा राख्नुपर्छ भन्दै यस विश्व बैठकमा “सबैका लागि शिक्षा” को लक्ष्य हासिल गर्नका लागि समाहित शिक्षाको मुख्य रणनीतिका रूपमा अपनाइयो (श्रेष्ठ, २०६८) ।

विकासका साधनहरू कम भएका विकासशील देशका सम्पूर्ण बालबालिकालाई शैक्षिक अवसरमा पहुँच पुऱ्याउनु भनेको हालको परिप्रेक्षमा समाहित शिक्षाको कार्यक्रम सबै जिल्लामा पुगेपछि विशेष आवश्यकता भएका बालबालिकाले दयामायाको रूपमा नभई अधिकारका रूपमा शिक्षामा आफ्नो पहुँच पुऱ्याउन सक्छन् । यसै प्रकारले हेर्ने हो भने नेपालको सन्दर्भमा अपाङ्गतालाई निम्नानुसार तलको तालिकामा यसरी देखाउन सकिन्छ -

अपाङ्गतालाई तलको चित्रमा जस्तै विभिन्न प्रकारका अपाङ्गतामा बाँडिएको छ -




स्रोत : विशेष शिक्षा सूचनामूलक पुस्तिका, २०६० ।

## १.२ समस्याको कथन

विद्यालयमा अध्ययनरत बालबालिकाहरूमध्ये प्राथमिक उमेर समूहका (६-१०) वर्ष विद्यालय वातावरण भन्दा बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याई सबैलाई शिक्षा दिन समाहित शिक्षा लागू गरिएको हो । आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्ने अवसरबाट १९ प्रतिशत बालबालिकाहरू वञ्चित रहेका छन् (नेपालमा प्राथमिक शिक्षा, २०६८) । औपचारिक शिक्षा दिन धेरै विद्यालयहरू खोलिए पनि सबै वर्ग, जात, क्षमता र विविध सामाजिक, आर्थिक, पृष्ठभूमिका बालबालिकालाई समेट्न सकिएको छैन । अपाङ्गले समाजमा, घरपरिवारमा र राष्ट्रमा नै असर पारेका हुन्छन् । कुनै समाज वा परिवारका अरू व्यक्तिले हेर्ने दृष्टिकोण फरक हुन्छ, तिनीहरूलाई हेला र घृणा गरेको पाइएको छ । परिवारले त्यस्ता बालबालिकाहरूलाई विशेष हेरचाह गर्नुपर्छ । समाजमा रुढीवादी परम्परा अझै पनि विद्यमान छ । अन्धो, लाटो, लठेब्रो, बहिरो हुनु पूर्वजन्मको पापका रूपमा लिइन्छ र यस्ता व्यक्तिले केही गर्न सक्दैनन भन्ने धारणा राख्दछन् । अपाङ्गहरू कहाँ कहाँ छन् खोजी-खाजी शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गर्नुपर्ने नेपाल सरकारको दायित्व हो । नेपाल सरकारले यो दायित्वलाई प्रभावकारी रूपमा पूरा गर्नु पर्दछ । त्यसैले अपाङ्गका साथै

अरू सुविधाबाट वञ्चित बालबालिकाको शैक्षिक अवसर प्रति पहुँच पुऱ्याई हाल विद्यालयले समाहित शिक्षा कार्यक्रमको लक्ष्य पूरा गर्न भौतिक तथा मानवीय व्यवस्थापनमा के गरिरहेको छ भनी वर्तमान अवस्था बुझ्न, समाहित शिक्षाको सम्बन्धमा शिक्षक, वि.व्य.स. पदाधिकारी, प्रधानाध्यापक, विद्यार्थी र अभिभावकको के- कस्तो प्रतिक्रिया रहेको छ भनी स्पष्ट साथ किटान गर्न, सामुदायिक विद्यालयमा समाहित शिक्षा लागू गर्न के-कस्ता समस्याहरू आइपरेका छन् र तिनलाई समाधान गर्ने उपायहरूको खोजी गर्ने सन्दर्भमा यस अध्ययन अनुसन्धानलाई पूरा गर्न निम्नानुसार प्रश्नहरू बनाई उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) समाहित शिक्षाका लागि हाल विद्यालयमा भौतिक तथा शैक्षिक व्यवस्थापन कस्तो रहेको छ ?

ख) समाहित शिक्षाका सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया कस्तो रहेको छ ?

ग) समाहित शिक्षाका सम्बन्धमा विद्यालयका शिक्षक तथा अभिभावकहरूको धारणा कस्तो रहेको छ ?

घ) समाहित शिक्षा कार्यान्वयनको अवस्था कस्तो छ ?

ङ) समाहित शिक्षाका लागि मानवीय संशाधन व्यवस्थापन कस्तो छ ?

च) समाहित शिक्षा लागू गर्नका लागि के कस्ता समस्याहरू रहेका छन् ?

छ) समाहित शिक्षा लागू गर्नका लागि के कस्ता चुनौतीहरू रहेका छन् ?

ज) विद्यालयमा समाहित शिक्षा कार्यक्रम अन्तर्गत बालकेन्द्रित शिक्षण सिकाइका लागि शिक्षकले कस्तो विधि प्रयोग गर्दा राम्रो हुन्छ ।

झ) समाहित शिक्षाको कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गर्न के के गर्नुपर्ला ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) समाहित शिक्षाका लागि वर्तमान भौतिक व्यवस्थापनको अवस्थाको तुलना गर्नु,

ख) समाहित शिक्षाको सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया पत्ता लगाउनु,

ग) समाहित शिक्षा कार्यक्रम कार्यान्वयनका समस्याहरू पत्ता लगाउनु,

घ) समाहित शिक्षा कार्यान्वयनका समस्याहरूको समाधानको उपाय पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

खास-खास प्रकृति, अवस्था र प्रकारका जनजाति, दलित बालबालिका अल्पसङ्ख्यक समुदाय एवम् भाषाभाषि तथा राष्ट्रिय मूलधारले पनि समेट्न नसकेकाहरूका लागि छुट्टाछुट्टै वातावरण र स्थितिमा शिक्षाको व्यवस्था गर्नुको साटो सबै बालबालिकाहरूलाई एउटै विद्यालयको छानामुनी नियमित कक्षामा वैयक्तिक भिन्नता अनुरूपको सहयोगी व्यवस्थाका साथ निर्वाध पहुँच पुऱ्याई राज्यले बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकार सुनिश्चित गर्नुपर्दछ ।

नेपाल विविध सांस्कृतिक, धार्मिक, राजनैतिक, भाषिक र सामाजिक भिन्नता भएको देश हो । विभिन्न पृष्ठभूमिबाट बालबालिकाहरू विद्यालय अध्ययन गर्न आएका हुन्छन् । उनीहरूको रुचि, क्षमता र आवश्यकता बुझेर शिक्षण गर्नुपर्छ । सिकाइ असक्षमता भएका बच्चाहरूलाई पनि साधारण बच्चाहरूसँग राखेर शिक्षण गर्ने कुरालाई जोड दिइन्छ । नेपालमा अपाङ्ग बालबालिकालाई पढाउन विशेष विद्यालय पर्याप्त छैनन् । यस्तो अवस्थामा अपाङ्ग बालबालिकालाई अरू साङ्ग बालबालिकासँग एकैठाउँमा राखेर शिक्षा दिनुपर्छ भन्ने मान्यता समाहित शिक्षामा आधारित छ । समाहित शिक्षाले उनीहरूको शैक्षिक तह पूरा गर्न सहयोग गर्दछ ।

नेपालमा महिला, तल्लो जातका बालबालिका, दुर्गम क्षेत्रका बालबालिकाहरूलाई शिक्षामा अझै पनि विभेदीकरण गरिएको आम मान्यता छ । यस शोधकार्यले समाहित शिक्षाको प्रभावकारी व्यवस्थापन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । समाहित शिक्षा व्यवस्थापनको वास्तविक अध्ययनबाट सो कार्य सुधार्नका लागि आवश्यक सुझाव प्रस्तुत गर्न सकिने, कुनै पनि योजनाको केन्द्रविन्दु भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती पक्ष हुने भएकाले समाहित शिक्षाको व्यवस्थापनका लागि सुधार ल्याउन सहयोग पुऱ्याउन सक्छ । समाहित शिक्षाको कार्यान्वयन, समस्याहरू र समाधानका उपायहरू पत्ता लगाउने उद्देश्यले यो अध्ययन अनुसन्धान गरिएको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन क्षेत्र ज्यादै विस्तृत भएकाले एक विद्यार्थीले आफ्नो अध्ययनका क्रममा सम्पूर्ण कुराहरूको अध्ययन गर्नु र सो बारेमा तथ्याङ्क तयार गर्न, सूचना र जानकारी हासिल गर्न ज्यादै कठिन हुन्छ । यो शैक्षिक अनुसन्धान हो । हरेक अनुसन्धानको आफ्नै

परिसीमा हुन्छ । समय, आर्थिक र भौगोलिक दुरी आदि कारणले यस अनुसन्धानलाई निम्न अनुसारको परिसीमा भित्र रहेर पूरा गरिएको छ ।

- अध्ययन क्षेत्रको रूपमा सुनसरी जिल्लाको बलाहा स्रोतकेन्द्र अन्तर्गत डुम्राहा गा.वि.स. का ६ वटा विद्यालयहरूलाई मात्र लिइएको छ ।
- समाहित शिक्षाका सम्बन्धमा सीमित गरिएको छ ।
- अध्ययन तीनवटा प्राथमिक, एउटा निम्न माध्यमिक र दुईवटा माध्यमिक तहका विद्यालयमा मात्र सीमित गरिएको छ ।

## १.६ अनुसन्धानमा प्रयोग भएका शब्दावलीको परिभाषा

समाहित शिक्षा : शिक्षाको पहुँचबाट टाढा रहेका सबै बालबालिकाहरूलाई सकेसम्म उनीहरूको सिकाइका अवरोधहरूलाई हटाउँदै उनीहरू सबैको सहभागितामा दिइने शिक्षा जसमा सिक्नका लागि सबैलाई समान अवसर दिइन्छ ।

सरोकारवाला : नुमना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, वि.व्य.स.पदाधिकारी भन्ने बुझ्नु पर्दछ ।

व्यवस्थापन पक्ष : विद्यालयको भौतिक, आर्थिक, मानवीय संसाधन आदि कुराको व्यवस्थापन गर्नु ।

विशेष बालबालिका : विशेष किसिमका शारीरिक र मानसिक अवस्थाका बालबालिका जो सामान्य किसिमका बालबालिका भन्दा फरक हुन्छन् ।

सम्मेलन : विशेष उद्देश्य राखी गरिएको भेला ।

# परिच्छेद- दुई

## पूर्व साहित्यको पुनरावलोकन

### २.१ समसामयिक साहित्यको पुनरावलोकन

समाहित शिक्षा सम्बन्धी सन्दर्भ सामग्रीको समीक्षा गर्ने क्रममा सम्बन्धित पत्रपत्रिका लेख, रचनाहरू शोधग्रन्थ तथा अनुसन्धानात्मक लेखहरू र जर्नलहरूको अध्ययन गरिएको छ। समाहित शिक्षाको बारेमा बुझ्न सम्बन्धित क्षेत्रले गरेको समाहित शिक्षाको व्यवस्थापन र यसको अभ्याससँग सम्बन्धित अभिलेखहरूको बारे जानकारी लिने प्रयास गरिएको छ। हाम्रो देशको सन्दर्भमा समाहित शिक्षा एक नयाँ अवधारणाका रूपमा सबैका लागि शिक्षा कार्यक्रम सञ्चालन गर्ने रणनीतिका रूपमा लिइएको छ। समाहित शिक्षा कार्यक्रमलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने लगायतका विषयहरूलाई नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग र डेनमार्कको काउन्टी अफ कोपन हेगन र रोयल डेनिस युनिभर्सिटि अफ एजुकेसन बीचको संस्थागत सम्बन्धन कार्यक्रम अन्तर्गत सन् २००० बाट डेनिस सरकारको प्राविधिक सहयोगमा उक्त परीक्षण कार्यक्रम सर्वप्रथम बाँके, उदयपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाका १२ वटा विद्यालयमा सञ्चालन गरिएको थियो।

समाहित शिक्षा परीक्षण कार्यक्रम अन्तर्गत गरिएका प्रमुख क्रियाकलापहरू सबै शिक्षकहरूको सहभागिता कार्यशाला सञ्चालन, विद्यालयसँग सम्बन्धित व्यवस्थापन समिति पदाधिकारी एवम् अन्य अभिभावकहरूको सहभागितामा बैठक लगायत समाहित शिक्षाको अवधारणा बुझाउने सेमिनार सञ्चालन गरिएको थियो। प्राथमिक कक्षाहरूमा वैयक्तिक विद्यार्थीको लेखाजोखा गरेर छिटो सिक्ने, मध्यम सिकाइ क्षमता भएका र ढिलो सिक्ने गरी तीन भागमा वर्गीकरण गरिएको, विद्यार्थी अनुकूल हुन सिक्ने वातावरण बनाउनका लागि कक्षाकोठाको अचल फर्निचरलाई लचिलो बनाएको, विद्यार्थीहरूका लागि सामग्री र सामग्रीको बहुप्रयोग गर्ने तरिकाबारे सिकाइएको थियो।

समाहित शिक्षा भन्नाले सबै बालबालिकाहरूका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा शिक्षा प्राप्त गर्न अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया हो। यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिदै बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ। समाहित शिक्षा

पद्धतिले राष्ट्रिय एवम् स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवम् विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्न बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्दछ ।

समाहित शिक्षाले अपाङ्ग मात्र नभएर शिक्षाको अवसरबाट वञ्चित रहेका तथा सिकाइमा मूलत परिस्थितिजन्य वा अन्य कारणले कठिनाईलाई भोगिरहेका सबै खालका बालबालिकाहरूलाई समेट्दछ । यो एउटा छुट्टै नयाँ र्काक्रम नभएर भइरहेको प्रणालीमा सुधार गरी “सबैका लागि विद्यालय” अथवा सबैखालका केटाकेटीहरूलाई स्वागत गरी आवश्यकता र ढाँचा बमोजिमको शिक्षा तथा तालिम प्रदान गर्नु हो । समाहित शिक्षालाई केही अगाडि अपाङ्गका लागि मात्र भएको शिक्षाका रूपमा वर्णन गरिएको थियो । अहिले यसको अवधारणा परिवर्तन भइसकेको छ । सिकाइका लागि कुनै पनि कारणले बहिस्कृत भएका वा असमाहित भएका वर्गका लागि विद्यालयले विद्यालयमा स्वागत योग्य वातावरण तयार गरी सहभागी गराउनु पर्दछ । यस मान्यतामा शिक्षा विभागले समाहित शिक्षा कार्यक्रम आठ जिल्लाका ६० वटा विद्यालयमा लागू गरेको छ (समाहित शिक्षा शाखा, शिक्षा विभाग) ।

सेरिडको फर्मेटिम रिसर्च प्रोजेक्ट (सन् २००४) मा उल्लेख गरिए अनुसार युनेस्को (सन् २०००) ले समाहित शिक्षालाई यसरी परिभाषित गरेको छ “शिक्षाको पहुँचबाट टाढा रहेका सबै बालबालिकालाई सकेसम्म उनीहरूको सिकाइका अवरोधलाई हटाउँदै उनीहरू सबैको सहभागितामा दिइने शिक्षा समावेशी शिक्षा हो । यो एउटा यस्तो रणनीतिक अवधारणा हो जसमा सबै बालबालिकालाई सफल सिकाइका लागि समान अवसर दिइन्छ ।”

क्लार्क (१९९५) का अनुसार “समावेशी शिक्षाले सामान्य विद्यालयको विस्तारित क्षेत्रलाई जनाउँदछ । फलस्वरूप व्यापक विविधता भएका बालबालिकाहरूलाई समावेश गर्न सकियोस् ।”

युडिस्कि (१९९४) का अनुसार “असक्षमता भएका विद्यार्थीहरूलाई सबै हिसाबले समुदायका आवश्यक मूल्यवान एवम् महत्त्वपूर्ण सदस्यका रूपमा हेर्न सुनिश्चित गर्ने सिद्धान्तहरूको समूह नै समावेशी शिक्षा हो ।”

फरेस्ट एन्ड पियर पइन्ट (१९९६) का अनुसार "समावेशी शिक्षा भिन्नताहरूसँग समान गर्ने तरिका हो ।"

त्यसैगरी सालामान्का (१९९४) को स्टेटमेन्टले समावेशी शिक्षालाई यसरी परिभाषित गरेको छ - "बालबालिकाहरूको शारीरिक, बौद्धिक, संवेगात्मक, भाषिक र अन्य सबै अवस्थालाई समेत ख्याल राखी सबै बालबालिाहरूलाई शिक्षा प्रदान गर्नू नै समावेशी शिक्षा हो । यसमा सुविधाविहिन तथा सिमान्तकृत क्षेत्रबाट पनि अपाङ्ग तथा उच्च सिकाइ क्षमताका बालबालिकालाई लिइन्छ ।"

"समावेशी शिक्षाले त्यस्तो शिक्षालाई जनाउँदछ जसमा सामाजिक, सांस्कृतिक, जातीय, भाषिक रूपमा सामान्य, अपाङ्ग, सिमान्तकृत, पिछडिएका क्षेत्रका केटा वा केटी सबैलाई सामेल गराइन्छ । यस अर्थमा समावेशी शिक्षा विशेष आवश्यकताको शिक्षा हो । विद्यालयको सेवाक्षेत्र भित्र रहेका सबै प्रकारका बालबालिकाले विद्यालय जानैपर्छ र शिक्षालाई नीतिगत कागजमा मात्र हैन वास्तविक व्यवहारमा पनि निःशुल्क बनाइनु पर्दछ (CERID, २००४) ।

परीक्षणका रूपमा समाहित शिक्षा लागू भएका विद्यालयमा महत्त्वपूर्ण परिवर्तनहरू भएका छन् । विद्यार्थी भर्ना दरमा वृद्धि भएको छ जसमा दलित, जनजाति समुदाय र गरिब परिवारबाट बालबालिकाहरू विद्यालयमा भर्ना हुन आएका छन् । शारीरिक रूपमा असक्षम, आँखा नदेख्ने, बहिरा र मानसिक रूपमा सुस्त विद्यार्थीहरू पनि दैनिक शिक्षण सिकाइ क्रियाकलापमा नियमित आउँछन् । शिक्षकले समाहित शिक्षामा आधारित नयाँ शिक्षण विधि र शैक्षिक सामग्री उच्च अभिप्रेरणाका साथ प्रयोग गरेका छन् । विद्यालय र समुदाय बीचका सम्बन्ध बलियो र विकसित भएको छ । समाहित शिक्षा लागू गर्न मुख्य अवरोध भनेको व्यापक गरिबी, सामाजिक सांस्कृतिक आदत, अपर्याप्त भौतिक सुविधा र शिक्षकको कमी हो ।

नेपालको शैक्षिक स्थिति हेर्दा वि.सं. २०६८ को जनगणना अनुसार ६५ प्रतिशत जनता मात्र साक्षर छन् । साक्षरताको दर शहरमा बढी छ । गाउँमा कम छ । शारीरिक, मानसिक रूपमा असक्षम र समाजिक रूपमा पिछडिएकाहरू शैक्षिक अवसरबाट वञ्चित छन् ।

एनपिसी/युनिसेफ/न्यु एरा (सन् २००१) मा उल्लेख भए अनुसार ५-९ वर्ष उमेर समूहका ८.३ प्रतिशत र १०-१४ वर्ष उमेर समूहका ९.४ प्रतिशत बालबालिकाहरू अपाङ्ग छन् भनेर यो अध्ययन प्रतिवेदनमा उल्लेख गरेको छ ।

समाहित शिक्षा परीक्षण कार्यक्रम लागू भएका जिल्लाहरूको संयुक्त कार्यशाला समाज र विद्यलाय बीच सुमधुर र गहिरो समन्वय कायम गर्ने सबै पक्षले जिम्मेवारी वहन गर्ने, समाजमा रहेका विभिन्न किसिमका बालबालिकाहरूको शैक्षिक एवम् सामाजिक हित हुने क्रियाकलाप सोही समाजबाटै महसुस गरी सुरु गर्ने, पिछडिएका वर्गका बालबालिकाहरूलाई शिक्षाको समान अवसर उपलब्ध गराउन सबै पक्षले जिम्मेवारी वहन गर्ने, विद्यालयको वातावरण समाजमा भएका विभिन्न किसिमका बालबालिकाहरू अनुकूल बनाउने, स्थानीय स्तरबाट आधारभूत तर आवश्यक स्रोत साधनहरू उपलब्ध गराउने गुणात्मक शिक्षाको विकास गराउने, नेपालका विद्यालयहरूमा यहाँकै हावापानी माटो अनुकूल समाहित शिक्षा कार्यक्रमको विकास र कार्यान्वयन गरी गुणात्मक शिक्षाको कसरी विकास गर्न सकिन्छ भन्ने सम्बन्धमा परीक्षण कार्यक्रम सञ्चालन गर्ने, सबै किसिमका अनुकूल सिकाइ गर्ने खालको वातावरणको विकास गर्नै, कक्षाकोठाको व्यवस्थापन बालबालिका अनुकूल गर्ने, शिक्षण सिकाइ क्रियाकलापका बेला शैक्षिक सामग्रीहरूको सक्दो प्रयोग गर्ने, विद्यालय विकासका लागि समुदायका व्यक्तिहरूको सक्रिय संलग्नता गराउने, बालबालिकाहरूको रुची र चाहना अनुकूल पाठ्यक्रमको विकास एवम् कार्यान्वयन गर्ने, समाहित शिक्षाले अर्थपूर्ण र उपयोगी सिकाइका लागि जोड दिएका कुराहरूमा विद्यार्थी केन्द्रित क्रियाकलाप हुनुपर्छ । शिक्षकको काम सिकाइ वातावरण मिलाउने हुनुपर्छ । बालबालिकालाई स्वयम् सिकाइ गर्ने अनुकूल वातावरण हुनुपर्छ, अवलोकन गरेर, छोएर, प्रयोग गरेर र विचार गरेर सिक्ने अवसर मिलाउनु पर्दछ भन्ने रहेको छ (श्रेष्ठ, २०६६) ।

अधिकारी (२०६१) का अनुसार - सन् १९६४ मा दृष्टिविहीनहरूलाई लेबोरटरी स्कुलमा एकीकृत शिक्षा दिने कार्यक्रम प्रारम्भ भयो । सन् १९७६ मा बालमन्दिर नक्सालमा सुस्त श्रवण (वहिरा) बालबालिकाका लागि एउटा स्कुल स्थापना भयो । वि.सं. २०२६ सालमा स्वयम् शारीरिक अपाङ्ग हुनु भएका खगेन्द्र बहादुर बस्नेतद्वारा नेपाल अन्धा संघको स्थापना गरी शारीरिक र दृष्टिविहीन लगायतका अपाङ्गहरूलाई व्यवसायिक तालिम दिने विद्यालयको सञ्चालन भएको पाइन्छ । वि.सं. २०२६ सालमा सुस्तमनस्थितिका बालबालिकालाई शिक्षा दिने उद्देश्यले निर्मल बाल विकास केन्द्रको स्थापना भएको देखिन्छ । तर एक भन्दा बढी अपाङ्गता भएको बहु अपाङ्गताहरूको सम्बोधन गर्नै व्यवस्था अझैसम्म भएको छैन ।

हाल नेपालमा दृष्टिविहीन र शारीरिक अपाङ्ग भएका बालबालिकाहरू विभिन्न शिक्षालयहरूमा नगन्य रूपमा भए पनि प्राथमिकदेखि उच्च तहसम्म अध्ययनरत देखिन्छन् । बहिरा सुस्तश्रवण तर्फका विद्यार्थीका लागि मात्र ८ कक्षासम्म अध्ययन गर्ने अवसर पाएका छन् । सुस्तमनस्थितिका बालबालिकाको अवस्था त दयनीय मात्र नभई भयावह अवस्थामा छ । उनीहरूले अवसर भनेको साधारण लेखपढ अतिरिक्त व्यावसायिक तालिमको ज्ञान सम्ममा सीमित रहेको पाइन्छ (अधिकारी, २०६१) ।

अपाङ्गताको किसिम अनुसार व्यवसायिक शिक्षा दिनुपर्छ जस्तै सुस्तश्रवणका लागि प्राविधिक शिक्षा : साइकला बनाउने, अचार बनाउने, अन्धाका लागि सङ्गीत, सुस्तमनस्थितिका लागि सिलाई र बुनाई सम्बन्धी शिक्षा दिनुपर्दछ (सेरिड,२००४) ।

वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा जम्मा ६५ प्रतिशत जनसङ्ख्या साक्षर छन् जसमा पुरुष ५६ प्रतिशत, महिला ४३ प्रतिशत साक्षर छन् । ६ वर्ष माथिका ४६ प्रतिशत र १५ वर्ष माथिका ५६ प्रतिशत भन्दा बढी निरक्षर छन् । सन् २०११ मा प्राथमिक विद्यालय जाने उमेरका १९ प्रतिशत विद्यार्थीहरू कहिल्यै विद्यालयमा भर्ना भएनन् । कक्षा एकमा भर्ना भएका विद्यार्थीहरू पनि ४५ प्रतिशतले पनि प्राथमिक तहको अध्ययन पूरा गर्न सकेका छैनन् । कक्षा एकका विद्यालय छाड्ने दर १४ प्रतिशत रहेको छ । प्राथमिक तहमा भर्ना भएका मध्ये ५४ प्रतिशत मात्र प्राथमिक तह पूरा गरेका छन् । यसरी आधाभन्दा धेरै विद्यार्थी निरक्षर हुनुको कारणमा घरमा काम गर्नुपर्ने, छोरीलाई अर्काको घरमा जाने भनेर पढाउन वास्ता नगर्ने, गरिब, जनजाति, दलित र आदिवासीहरूले रोजगारी र गाँसबासकै कारणले पढ्न नपाउने, भाषा, अपाङ्गलाई घरपरिवार, समुदाय र नेपाल सरकारले वास्ता नगर्नु रहेका छन् (अर्याल, २०६२) ।

यसरी विभिन्न कारणले देशमा ३५ प्रतिशत जनसङ्ख्या निरक्षर रहेका वर्तमान परिस्थितिमा सबैलाई एउटै विद्यालयको वातावरणले शिक्षा दिन नेपाल सरकारले समाहित शिक्षा लागू गरेको छ ।

समाहित शिक्षाको विकासको क्रम सन् १९९० को दशकबाट प्रारम्भ भएको थियो । सन् १९६० को दशकदेखि विशेष शिक्षालाई अपाङ्गको विशेष आवश्यकता पूरा गर्न दिइने विशेष विधियुक्त साधनका रूपमा मात्र नलिई प्रभावशाली बालबालिकाको आवश्यकता पूरा गर्नका लागि पनि यो शिक्षा हुनुपर्छ भन्ने धारणाका साथ यसलाई व्यापक रूपमा लिन

थालियो । सन् १९७० को दशकमा वेलायतले पहिलो पल्ट बालबालिकाको आवश्यकतालाई विशेष शैक्षिक आवाश्यकताका रूपमा लिइनुपर्ने कुरा उठायो । सन् १९८० को दशक पछि विभिन्न सामाजिक आर्थिक पृष्ठभूमिबाट आएका बालबालिकाहरूलाई सिकाइका विभिन्न बाधा, अड्चन र अवरोध आउन सक्ने हुनाले यस्ता कठिनाइहरू ध्यानमा राखी त्यस्ता सबै बालबालिकाहरूका लागि विशेष आवश्यकता शिक्षाको प्रावधान गरिनुपर्ने माग बढ्दै गयो । विश्वबाटै निरक्षर उन्मुलन गर्न विभिन्न कार्यक्रमको अवलम्बन गर्दै शिक्षासँग सम्बन्धित राष्ट्रसंघीय एकाइ युनेस्कोले सन् २००१-२०१५ सम्मका लागि सेनेगलको डकारमा सन् २००० मा विश्व शिक्षा मञ्चले तयार पारेको डकार कार्यढाँचालाई आत्मसाथ गरी राष्ट्रिय कार्य योजना तयार गरी चरणबद्ध रूपमा कार्यान्वयनतर्फ उन्मुख भइरहेको छ (काफ्ले, २०६२) ।

**डकार ढाँचाले अङ्गीकार गरेको लक्ष्य यसप्रकारको छ -**

सुविधाविहीन तथा अति जोखिममा रहेका बालबालिकाहरूको समग्र विकासका लागि शिशुकक्षा तथा स्याहार केन्द्रको विस्तार गर्ने, गुणस्तरीय निःशुल्क तथा अनिवार्य पूर्ण प्राथमिक शिक्षामा सन् २०१५ सम्ममा सबै परिस्थितिमा रहेका बालबालिका र अल्पसङ्ख्यक जनजातिको पहुँच सुनिश्चित गर्ने, जीवनोपयोगी कार्यक्रम र उचित सिकाइमा सिकाइ आवश्यकता अनुरुप सबै युवा तथा बालिगको समतामूलक पहुँच गर्ने, बालिग साक्षरताको खासगरी महिलाको आधारभूत तथा निरन्तर शिक्षामा समानतामूलक पहुँचको सुनिश्चित गरी सबै तहमा ५० प्रतिशत वृद्धि हासिल गर्ने, गुणस्तरीय आधारभूत शिक्षामा बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गरी सन् २००५ सम्म प्राथमिक र माध्यमिक शिक्षामा लैङ्गीक समानता हासिल गर्ने सबैले सामान्य र मापन गर्न सकिने सिकाइका प्राप्ति र विशेष गरी अक्षर, अङ्क र जीवनोपयोगी सीप उत्कृष्टतापूर्वक सबै पक्षमा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने, मातृभाषा गुणस्तरीय आधारभूत तथा प्राथमिक शिक्षामा आदिबासी जनता र अल्पभाषिक समूहलाई शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्नका लागि विशेष शिक्षालाई विशेष आवश्यकता शिक्षाका रूपमा हेरिनु पर्छ । सबै प्रकारका बालबालिकाहरूलाई राष्ट्रिय शिक्षा पद्धति भित्र समेट्नु पर्दछ । विभिन्न पृष्ठभूमिबाट आएका बालबालिकालाई भिन्न शैक्षिक व्यवस्था अगाल्न हुँदैन ।

शिक्षा सबैका लागि हुनुपर्दछ । चाहे जस्तोसुकै भिन्न र विषम परिस्थितिबाट ती बालबालिकाहरू आएका हुन् । तीनको आवाश्यकता अनुकूल हुनुपर्दछ भन्ने कुरालाई

विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनले स्वीकार्दै विभिन्न प्रस्ताव र निर्णयहरू पारित गरिएको छ। शिक्षा सबैको समान सहभागिता हुनुपर्ने, सबैलाई समान शैक्षिक अवसर उपलब्ध हुनुपर्ने र शिक्षा प्राप्त गर्नु कसैको दयामायाको देन नभएर मानिसको नैसर्गिक मानव अधिकार हो भन्ने विश्वासको जगमा अहिले आएर समाहित शिक्षा उभिएको छ। समाहित शिक्षा तीनवटा सिद्धान्तमा आधारित छ। समानताको सिद्धान्त, पूर्ण सहभागिताको सिद्धान्त र मानव अधिकारमुखी सिद्धान्त।

समाहित शिक्षाको आधुनिक प्रचलनहरूलाई काफ्ले (२०६२) द्वारा यसरी औँल्याएको छ "पेसागत सामुहिक दृष्टिकोण, सम्पूर्ण विद्यालयीय दृष्टिकोण, बालअधिकारमुखी दृष्टिकोण, एकीकृत विकासमुखी दृष्टिकोण, सहभागितामूलक शिक्षण र बालशिक्षामा साझेदारीको धारणा आदिलाई आधुनिक प्रचलनका रूपमा लिइएको छ।" सबै बालबालिकाहरूलाई शिक्षा दिन जिम्मेवार पक्षहरू सजग रहनु पर्दछ। शिक्षा प्रणालीमा रहेका पुरानो प्रचलनका राम्रो कुरालाई लिदै नराम्रो कुरालाई हटाउँदै जानुपर्छ। वैयक्तिक भिन्नतालाई पहिचान गरी बालबालिकाको इच्छा, रुची, आवश्यकता अनुसार शिक्षकले शिक्षण क्रियाकलाप गर्नुपर्छ।

सामान्य बालबालिका र विशेष आवश्यकताका बालबालिकाका बारेमा काफ्ले (२०६२) का अनुसार "शिक्षकले सामान्य बालबालिकालाई मात्र नपढाइ त्यस कक्षामा भएका विशेष आवश्यकता भएका बालबालिकालाई पनि उनीहरूको व्यक्तिगत आवश्कयताको ख्याल राख्दै पढाउनु पर्दछ। शिक्षक बालबालिका भित्र अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने व्यक्ति भएकाले कक्षाको प्रभावकारी व्यवस्थापक बनेर बालबालिकाको व्यवहारिक परिवर्तन गराउन शक्तिका रूपमा र समुदाय र विद्यालयलाई जोड्ने पुल मात्र नभएर समुदायलाई सचेत गराउन माध्यम भएकाले ऊ बालबालिकाको मूल्याङ्कनकर्ताका साथै उनीहरूको अभिभावकका लागि परामर्शदाता समेत भएर काम गर्ने व्यक्तित्व हो। समाहित शिक्षामा शिक्षकको भूमकि बालकेन्द्रित सिकाइको सहजकर्ताका रूपमा, व्यावहारिक परिवर्तनका रूपमा, बालबालिकाको कार्य मूल्याङ्कनका रूपमा र बालबालिकाको र अभिभावकको परामर्शदाताका रूपमा शिक्षक रहनु पर्दछ। पाठ्यक्रममा राखेको उद्देश्य पूरा गर्न, विद्यार्थीहरूमा व्यवहारिक परिवर्तन गराउनु र असल चरित्र निर्माणगर्ने शिक्षकले आफ्नो दायित्व र कर्तव्य बुझी शिक्षण कार्यमा संलग्न हुनुपर्छ (काफ्ले, २०६२)।

विशेष आवश्यकता शिक्षा सम्बन्धमा काफ्ले (२०६२) का अनुसार विशेष आवश्यकता शिक्षा एउटा त्यस्तो अभ्यास हो, जसले कठिनाई विभेद र समस्यामा परेका भिन्न खालका

वैयक्तिक शैक्षिक आवश्यकताको ध्यान केन्द्रित गर्दछ । शैक्षिक प्रणालीले सम्बोधन गर्नुपर्ने विभिन्न चुनौतीहरूका कारण शिक्षण कठिनाइहरू बढाउने विभिन्न शारीरिक, बौद्धिक, सामाजिक, भावनात्मक, भाषिक वा अन्य विभेदहरूलाई विशेष आवश्यकता शिक्षाले अङ्गीकार गरेको हुन्छ । कतिपय बालबालिकालाई सिकाइ सम्बन्धी कठिनाइ आइपर्ने हुँदा ती कठिनाइको सम्बोधन गर्ने उनीहरूका लागि विशेष आवश्यकता शिक्षाको सिर्जना हुन्छ । तसर्थ कठिन असुविधा र अपाङ्गता साथ पर्ने बालबालिकाको तथा सुविधायुक्त वातावरणमा रहेका साङ्ग बालबालिकाका लागि समान शैक्षिक व्यवस्थाको प्रावधान हुनुपर्छ, जुन परम्परागत रूपमा सामान्य नियमित वा बहुसङ्ख्यक बालबालिकाहरूको विशेषाधिकारको रूपमा प्रयोग हुँदै आएको छ ।

विशेष आवश्यकता शिक्षाले प्रभावकारी शैक्षिक पद्धतिलाई जोड दिन्छ । जसबाट सबै बालबालिकाहरू आफ्ना आवश्कयता अनुकूल लाभान्वित हुन सक्छन् । मानवीय भिन्नता स्वाभाविक हो भन्ने कुरालाई विशेष आवश्यकता सहज रूपमा स्वीकार गरेको पाइन्छ । विभिन्नताको कारण शैक्षिक प्रणालीलाई नै साधारण र विशेष शिक्षाका रूपमा विभाजन नगरी विभिन्नताले नै हरेक विद्यार्थीको व्यक्तिगत, भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि अनुकूल उनीहरूको अन्तर्निहित क्षमताको विकास गर्ने प्रभावकारी साधनका रूपमा ग्रहण गर्नुपर्दछ । विशेष आवश्यकता शिक्षा भनेको मानवीय भिन्नता र गरिमाको पहिचान तथा कदर यिनै भिन्नताबाट सर्जित आवश्यकतामुखी तथा विशिष्ट सिकाइ अनुभवहरू प्रदान गर्ने सिद्धान्त हो ।

शिक्षा प्राप्त गर्नु सबै मानिसको नैसर्गिक अधिकार हो । शिक्षा पाउने अवसरबाट कसैलाई पनि वञ्चित गरिनुहुन्न । सबै नागरिकलाई शिक्षा दिनु राज्यको दायित्व भित्र पर्दछ । मानवमा वैयक्तिक भिन्नता हुन्छ । मानवीय वैयक्तिक भिन्नतालाई विशेष आवश्यकता शिक्षाले स्वीकार गर्दछ । विशेष आवश्यकता भएका बालबालिकाहरूलाई उनीहरूको आवश्यकता अनुकूल शिक्षा दिनु पर्दछ । विशेष आवश्यकता भएका बालबालिकाहरूलाई शिक्षा दिन छुट्टै शिक्षालयको स्थापना गरी साधारण बालबालिकाहरूसँगै राखेर शिक्षा दिन समाहित शिक्षाले सहयोग गर्छ (काफ्ले, २०६२) ।

बालविकास तथा सिकाइ (२०६१ : ६१) मा उल्लेख भए अनुसार अपाङ्गलाई यसरी वर्गीकरण गरिएको छ -

१ अपाङ्गता भएका बालबालिकाहरू

अन्धा : कुनै पनि व्यक्ति दुवै आँखा खोलेर १ मिटर दुरीमा रहेको औँलाहरू गन्न सक्दैन भने त्यस्ता बालबालिकाहरूलाई अन्धा भनिन्छ । कुनै व्यक्ति दुवै आँखा खोलेर ३ मिटरसम्म दुरीमा रहेका औँला गन्न सक्दैनन् र चश्माको प्रयोगबाट हेर्न सक्ने क्षमतालाई दृष्टि क्षमताको कमी भनिन्छ ।

बहिरो : कुनै व्यक्तिले दुवै कानबाट एक मिटर दुरीको ठूलो आवाजलाई सुन्न सक्दैन भने त्यसलाई बहिरो भनिन्छ । बहिरो जन्मजात र जन्मपछि विभिन्न कारणबाट हुन सक्छ । यसको कारणबाट नै व्यक्तिमा भाषिक विकास नहुने र बोल्न नसक्ने हुन्छ जसलाई लाटालाटीको रूपमा लिइने गरिन्छ ।

हल्का : पढाइ, लेखाइका आधारभूत सीपहरू सिक्ने शिक्षकको विशेष सहयोग र उपयुक्त वातावरण दिन सकेमात्र सिक्ने बालबालिका यसमा पर्दछन् । यसलाई सिकाइ कमजोर वा हल्का सुस्त मनस्थितिका बालबालिका पनि भनिन्छ । आफ्नो शरीरको हेरचाह गर्न सक्ने, घर परिवारको साधारण कामहरू गर्न सक्ने र विशेष किसिमको तालिम दिएमा सामान्य कुराहरू पढ्न र लेख्न सक्ने खालको व्यक्तिलाई मध्यम खालको सुस्त मनस्थिति भएको भन्न सकिन्छ । आफ्नो शरीरको हेरचाह र दैनिक क्रियाकलापका लागि अरूको सहयोग चाहिने, थोरै शब्दहरू भन्न र बुझ्न सक्ने एवम् बहुअपाङ्गताका लक्षण पनि देख्न सकिने व्यक्तिलाई तीव्र सुस्तमनस्थिति भएको भन्न सकिन्छ । कुनै बालबालिका दुर्घटना वा रोगका कारण शारीरिक अपाङ्ग भई शरीरको गतिमा कठिनाइ उत्पन्न भएको हुन्छ । यस्ता बच्चाहरूलाई विद्यालयमा सिक्न कठिन पर्दैन । विद्यालय जान र हातको प्रयोग गर्न कठिनाइ हुन्छ भने यस्ता बालबालिकालाई शारीरिक अपाङ्गता भएका बालबालिका भनिन्छ । शारीरिक रुपले तन्दुरुस्त औसत वा त्योभन्दा बढी बौद्धिक क्षमता हुँदा कुनै खास विषय वा सीप सिक्न कठिनाइ भएको व्यक्तिलाई सिकाइ असक्षमता भएका बालबालिका भनिन्छ ।

२. प्रतिभाशाली विद्यार्थी

यी बालबालिकाहरू आफ्ना अरू सहपाठीको दाँजोमा छिटो र दिएका कार्यलाई सफलतापूर्वक सम्पन्न गर्दछन् । यस्ता बालबालिकाका लागि पनि उपयुक्त वातावरण

निर्माण गरी यिनीहरूमा निहीत प्रतिभालाई सही रूपमा प्रयोग गर्न नसकेको खण्डमा कक्षाकोठाको वातावरण सिकाइप्रद नहुन सक्छ ।

३. पिछडिएका जनसमुदायका बालबालिकाहरू

हाम्रो कक्षाकोठामा नेपाली पाठ्यपुस्तकहरूको व्यवस्था भएता पनि सबै समुदायलाई समेट्न सकिएको छैन । पिछडिएका समुदायका बालबालिकाको घरमा प्रयोग गरिने भाषा र विकसित सीपहरू अरूको तुलनामा कम र फरक हुन्छ । यसको प्रभाव कक्षाकोठाको सिकाइमा पर्नजान्छ । यस्ता बालबालिकामा पर्नजाने शारीरिक र मनोवैज्ञानिक प्रभावलाई न्यून गर्न उपयुक्त वातावरण चाहिन्छ नत्र यिनीहरू अनुकूल वातावरण भएन भने अपाङ्ग सरह नै कक्षामा उपस्थित हुन्छन् र सिकाइ असक्षमता देखिन्छ ।

## २.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन

समाहित शिक्षाले व्यवस्थापन सम्बन्धी यस अध्ययनबाट उपलब्ध जानकारी एवम् यस तथ्याङ्कलाई विश्लेषण गर्न मानव सम्बन्ध सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ । मानव सम्बन्ध सिद्धान्तका प्रतिपादक जर्ज इल्टन मायो हुन् । कोइराला र श्रेष्ठ (२०५७) का अनुसार मायोले मानव सम्बन्ध बारेमा ४ वटा समन्वयका सिद्धान्तलाई यसरी उल्लेख गरेका छन् :

सिधा सम्पर्कद्वारा समन्वय : सिधा सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्ने प्रक्रियालाई सिधा सम्पर्कद्वारा समन्वय भनिन्छ । समाहित शिक्षा सम्वेदनशील शिक्षा भएकाले नितान्त फरक खालका बालबालिकाहरूलाई एउटै कक्षाकोठामा ल्याएर शिक्षण गर्ने प्रक्रियालाई जोड दिइएको पाइन्छ । यसमा व्यवस्थापन पक्षले विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई सोझै सम्पर्क गरी सञ्चालित शिक्षण प्रक्रियाबाट भएका राम्रा पक्षलाई निरन्तरता दिन, सहयोग गर्न र देखिएका कमी कमजोरीहरू व्यवस्थापकीय रणकौशलबाट तुरुन्त निवारण गर्नु पर्दछ । यसरी व्यवस्थापन पक्षले शिक्षक, विद्यार्थी र अन्य सम्बद्ध पक्षलाई समेट्न सकेन भने त्यस्तो अवस्थामा समाहित शिक्षाको उद्देश्य पूरा हुन सक्दैन ।

कोअर्डिनेसन इन द अर्ली स्टेज : जुनसुकै काममा समन्वय पहिलो चरणबाट सुरु हुन्छ र आवश्यक पनि हुन्छ । समाहित शिक्षाको व्यवस्थापन व्यवस्थापक (प्रधानाध्यापक), व्यवस्थापन समिति, अभिभावक जस्ता सम्बद्ध पक्षहरूसँग एक आपसमा राम्रो छलफल

विचार आदान प्रदान गरेर अगाडि बढ्नु पर्दछ। शिक्षणको महत्त्वपूर्ण पक्ष विद्यार्थी हो। समाहित शिक्षामा विभिन्न क्षमता, आवश्यकता र स्तर भएका बालबालिकालाई शिक्षणमा समावेश गरिने हुँदा पहिले त यस भावी कार्यक्रममा सम्बद्ध सबै पक्षको राम्रो मन्थन भएर कार्य अगाडि बढाउनु पर्दछ। दोस्रो विद्यालयमा पनि विद्यार्थी-विद्यार्थी र शिक्षक-शिक्षक बीच सुरुदेखि नै समन्वयात्मक वातावरण बस्न सिकाउनु पर्दछ।

कोअर्डिनेसन एज द रेसिप्रोकल रिलेसन अफ अल फ्याक्टर्स इन ए सिचुएसन : शैक्षिक संस्थामा कार्य सुचारु रूपले सञ्चालन गर्ने त्यहाँको मानव संसाधनको दोहोरो सम्बन्धको महत्त्वपूर्ण भूमिका हुन्छ। समाहित शिक्षा भनेको सबै खालका बालबालिकाहरूलाई एउटै शिक्षण प्रणालीमा ल्याउने सोच हो। यसको व्यवस्थापनमा शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी, प्रधानाध्यपाक-वि.व्य.स. जस्ता विभिन्न पक्षहरू बीच कुराहरू दोहोरो सम्बन्धको आवश्यकता हुन्छ। त्यस खालका दोहोरो  सम्बन्ध स्थितिले मात्र समाहित शिक्षाको अपेक्षाकृत उपलब्धि हात लाग्न सक्छ।

कोअर्डिनेसन एज ए कन्टिन्युइङ प्रोसेस : शैक्षिक संस्थामा साधन, स्रोत, प्रक्रिया र वातावरणबीच पारस्पारिक सुमधुर सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य निरन्तर भइरहनु पर्दछ। स्कुललाई आवश्यक पर्ने साधन, स्रोत कसरी र कहाँबाट जुटाउने भन्ने कुरामा एकआपसमा समन्वय गरेर जुटाउनु पर्दछ। स्कुलको वातावरण सिकाइ अनुकूल बनाउन शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावकहरू पारस्परिक समयन्वय गरी काम गर्दछन्। यो सुरुमा एकपटक, बीचमा एकपटक र शैक्षिक सत्रको अन्त्यमा एकपटक समन्वय गर्दैमा समाहित शिक्षाको खास उद्देश्य पूरा हुन सक्दैन। तसर्थ यसलाई एउटा गुणस्तरीय पाटोका रूपमा सधैँ सम्बद्ध पक्षले राम्रोसँग समन्वय गरी शिक्षण व्यवस्थापन गर्नु पर्दछ।

अपाङ्गहरूलाई शिक्षा दिन मानव सम्बन्धको ठूलो भूमिका हुन्छ। शिक्षकले प्रत्येक अपाङ्ग विद्यार्थीसँग नजिकै रहेर उसको वैयक्तिक भिन्नतालाई पहिचान गर्नुपर्छ। जति बढी सम्बन्ध राखी मायालु वातावरणमा शिक्षण गर्न सक्यो उति अपाङ्गहरूले राम्रोसँग सिक्ने हुन्छन्। त्यसैले शिक्षकले प्रत्येक विद्यार्थीसँग राम्रो मानवीय सम्बन्ध राख्नुपर्दछ। सबैलाई समान व्यवहार गर्नुपर्दछ। उनीहरू प्रति नराम्रो भावना राख्नु हुँदैन। सबैलाई समान व्यवहार गर्नु पर्दछ। उनीहरू प्रति नराम्रो भावना राख्नु हुँदैन। बालमनोविज्ञान बुझी आवाश्यकता अनुकूल शिक्षण गर्नुपर्छ। यसरी शिक्षण गर्ने शिक्षक र विद्यार्थी बीचको सम्बन्ध राम्रो

हुनुपर्छ । राम्रो मानवीय सम्बन्ध भयो भने मात्र तिनीहरूलाई राम्रोसँग शिक्षा दिन सकिन्छ । राम्रो मानवीय सम्बन्ध भए मात्र गुणस्तरीय शिक्षा दिन सकिन्छ ।

### मास्लो (१९४३) को आवश्यकतामा आधारित सिद्धान्त अनुसार

आवश्यकताको परिपूर्तिबाट व्यक्तिहरूले सन्तुष्टि प्राप्त गर्छन् र उत्प्रेरित हुँदै जान्छन् । यसले व्यक्तिका आवश्यकताहरूमा श्रृङ्खलाबद्ध रूपमा क्रमशः एकपछि अर्को बढ्दै जाने गर्दछ भन्ने कुरामा विश्वास राख्दछ । मास्लोको उपयुक्त आवश्यकता श्रृङ्खलाले व्यक्तिका आवश्यकताहरू क्रमशः निम्न तहबाट उच्च तहमा बढ्दै जाने कुरा बताएको छ । निम्न तहका आवश्यकताहरू अत्यावश्यक र अति जोडदार पनि हुन्छ । त्यसैले व्यक्तिले यी आवश्यकताहरू सर्वप्रथम पूरा गर्न चाहन्छ । आवश्यकता परिपूर्ति हुँदाको अवस्थामा मात्रै व्यक्तिहरू उत्प्रेरित हुन्छन् । मानवीय जीवनका लागि पहिलो आवश्यकता गाँस, वास, कपास लगायतका आधारभूत आवश्यकता पूरा भएपछि मात्र शिक्षा प्राप्त गर्ने दोस्रो आवश्यकता पूरा गर्न मानिस लाग्छन् । आवश्यक पोषण र शैक्षिक सामग्री प्राप्त भए मात्र वा सो खरिद गर्ने रकम पाए मात्र बालबालिका ध्यानपूर्वक पढाइमा लाग्न सक्छन् ।

हजवर्ग (१९५०) द्वारा प्रतिपादित हजवर्गको दुई तत्त्वहरूको सिद्धान्त अनुसार उत्प्रेरणाका प्रेरणात्मक तत्त्व र आरोग्य तत्त्वहरू गरी दुई तत्त्वहरू हुन्छन् । व्यक्तिहरू के चाहन्छन् र के कुराले उनीहरूलाई काममा अभिप्रेरित गर्दछ भन्ने अध्ययनका आधारमा यो सिद्धान्त प्रतिपादन गरिएको हो । यिनै तत्त्वहरूले व्यक्तिलाई काम (सिकाइ) प्रति आकर्षित गर्दछन् । भनाइको तात्पर्य सिकाइलाई प्रभावकारी बनाउन समाहित शिक्षाले के-कसरी सहयोग गर्दोरहेछ भन्ने कुरा बुझ्नका लागि यो अध्ययनको सैद्धान्तिक खाका तयार गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता


सबैका लागि शिक्षाको लक्ष्य सन् २०१५ सम्ममा प्राप्त गर्न नेपाल सरकारले समाहित शिक्षा लागू गरेको पाइन्छ । इन्क्लुसिभ एजुकेसन कोर ग्रुप २०६० : समाहित शिक्षाको लक्षित समूह तेह्र (१३) वटा छनोट गरेको छ । अध्ययन क्षेत्र तोकिएको २ वटा विद्यालयमा सबै लक्षित समूह पाउन सकिएन । सेरिडले गरेको फर्मेटिभ रिसर्च २००४ का अनुसार अपाङ्गको प्रकार अनुसार शिक्षा दिनु पर्दछ । बहिराका लागि प्राविधिक शिक्षा, अन्धाका लागि सङ्गीत सम्बन्धी शिक्षा दिनुपर्छ भनिएको छ तर कार्यान्वयन भएको छैन । दृष्टिविहिन, बहिरा, सुस्तमनस्थितिका बालकालिकालाई शिक्षा दिन पहिला छुट्टाछुट्टै

विद्यालयहरू व्यवस्था गरिनु र अहिले सबैलाई एकीकृत रूपमा एउटै विद्यालयीय वातावरण शिक्षा दिने व्यवस्था गर्नु आफैँमा सकारात्मक पक्ष हो । लक्षित समूहलाई भर्ना सङ्ख्यामा वृद्धि भई दैनिक शिक्षण सिकाइ कार्यमा सक्रिय रूपमा भाग लिएका छन् । शिक्षकले समाहित शिक्षामा आधारित शैक्षिक सामग्री र शिक्षण विधि प्रयोग गरेर शिक्षण गरी विद्यार्थीहरूमा व्यवहारिक परिवर्तन गराउनु पर्छ । असल आदत र चरित्रको निर्माण गर्नुपर्छ ।


समाहित शिक्षा लागू भएका विद्यालयमा विविध बाधा र अड्चनहरू आएका छन् । त्यसलाई हटाउन सबै एकजुट भएर लाग्नुपर्छ । अहिलेसम्म २१० वटा विद्यालयमा मात्र यो शिक्षा लागू गरिएको छ । प्राथमिकताका साथ देशभर लागू गर्नुपर्छ । हामीले सामुहिक शिक्षाको सिद्धान्तलाई व्यवहारिक रूपमा कार्यान्वयन गरेर देखाउन आवश्यक छ । समाहित शिक्षाका आधुनिक प्रचलनलाई शिक्षकले बुझी प्रयोग गर्नुपर्ने देखिन्छ । वैयक्तिक भिन्नतालाई पहिचान गरी उनीहरूको इच्छा, आवश्यकता र रुचीअनुसार पढाउनु पर्छ । आफ्नो परिवारमा रहेका अपाङ्ग बालबालिकाहरूलाई अभिभावकले विना भेदभाव विद्यालयमा अध्ययन गर्न पठाउनु पर्छ । अपाङ्ग प्रतिको उत्तरदायित्व नेपाल सरकारले पूरा गर्नुपर्छ । सेनेगलको डकारमा विश्व शिक्षा मञ्चले तयार गरेको कार्यढाँचालाई आत्मसात गरेको छ । यसमा ६ वटा उद्देश्यहरू राखिएका थिए । नेपालले आफ्नो देशको अनुकूल एउटा उद्देश्य थपी सातवटा बनाएको छ । सन् २००५ सम्ममा लैङ्गिक विभेद अन्त्य गर्ने, मातृभाषाको प्राथमिक शिक्षा दिने, महिलाको तहमा ५० प्रतिशतले वृद्धि गर्ने, अल्पसङ्ख्यक जनजाति, महिला र पिछडिएका समुदायमा शिक्षाको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय र जीपनोपयोगी शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य कार्यान्वयन भएको देखिन्छ ।

## २.४अवधारणात्मक ढाँचा

यस अध्ययनको अवधारणात्मक ढाँचा निम्नअनुसार रहेको छ -



यस अध्ययनमा निम्न प्रकारका बालबालिकाहरूको अध्ययन गरिएको छ -



# परिच्छेद - तीन

# अध्ययन विधि

अनुसन्धान विधिले अनुसन्धान कार्यलाई मार्गदर्शन गर्दछ । जुन तरिकाबाट अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ वा तथ्याङ्कलाई सङ्कलन, विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिन्छ त्यसलाई नै अध्ययन विधिमा उल्लेख गरिन्छ । यस परिच्छेदले अध्ययनलाई पूरा गर्नका लागि आवाश्यक विधिहरूको व्याख्या गर्दछ । यस अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै स्वभावका विधि प्रयोग गरिन्छ । प्राथमिक र माध्यमिक तथ्याङ्कहरू अन्तर्वार्ता अनुसूची, लक्षित समूह छलफल लगायत सम्बन्धित अभिलेखहरूबाट सङ्कलन गरिन्छ । यस परिच्छेदमा अध्ययनको अनुसन्धानात्मक ढाँचा, जनसङ्ख्या, नमुना छनोट प्रक्रिया, सूचनाका स्रोतहरू, सूचना सङ्कलनका साधन, साधनको वैधता, सूचना सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण लगायतका कार्यहरू समावेश गरिन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको पूर्व ढाँचा हो । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, अनुसन्धानको किसिम जस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान गुणात्मक विधिमा आधारित रहेको छ ।

प्रस्तुत समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी अध्ययन उद्देश्य र अनुसन्धान प्रश्नको आधारमा सम्बन्धित नियम र उपायमा आधारित भएर उपयुक्त विधि अनुसार गरिएको छ । कुनै पनि अनुसन्धान अनुसन्धान ढाँचाको निश्चितता विना सोच्न नसकिने हुन्छ । अनुसन्धानलाई एउटा निश्चित ढाँचा दिइयो भने मात्र अनुसन्धान कार्यले उपयुक्त गति लिन सक्दछ । यस अध्ययनका लागि निम्न अनुसारको अध्ययन ढाँचाको प्रयोग गरिएको छ :

तालिका नं. १

अनुसन्धान ढाँचा

<table>
<tr><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरू</th><th colspan="6">प्रतिक्रियादाताहरू</th></tr>
<tr><th>प्र. अ.</th><th>शिक्षक</th><th>विद्यार्थी</th><th>अभिभावक</th><th>स्रोतव्यक्ति</th><th>वि.व्य.स. अध्यक्ष</th></tr>
<tr><td rowspan="4">१. समाहित शिक्षाका लागि वर्तमान भौतिक व्यवस्थापनको अवस्थाको तुलना गर्नु,<br>२. समाहित शिक्षाको सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया पत्ता लगाउनु,<br>३. समाहित शिक्षा कार्यक्रम कार्यान्वयनका समस्याहरू पत्ता लगाउनु,<br>४. समाहित शिक्षा कार्यान्वयनका समस्याहरूको समाधानको उपाय पत्ता लगाउनु ।</td><td>सर्वेक्षण फारम</td><td></td><td></td><td>✓</td><td></td><td></td><td></td></tr>
<tr><td>अन्तर्वार्ता अनुसूची</td><td>✓</td><td>✓</td><td></td><td></td><td>✓</td><td>✓</td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td>✓</td><td>✓</td><td></td><td></td></tr>
<tr><td>दस्तावेज अध्ययन</td><td colspan="6">भर्ना फारम, छात्रवृत्तिका अभिलेखहरू, अन्य शैक्षिक बुलेटिनहरू र पत्रपत्रिकाहरू</td></tr>
</table>

### ३.२ जनसङ्ख्या

अनुसन्धानका लागि आवश्यक पर्ने जनसङ्ख्या मध्येबाट यस अध्ययनका लागि सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्र मध्ये बलाहा स्रोतकेन्द्र अन्तर्गत पर्ने २९ वटा विद्यालय मध्ये ६ वटा सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावक र शिक्षकलाई यस अध्ययनमा जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धानकर्ताको उद्देश्य र चाहना अनुरुप अध्ययनका लागि जनसङ्ख्या र स्थान निर्धारण गर्ने कार्य हो । जस अनुसार यस अध्ययन कार्यलाई पूर्णरूपमा सम्पन्न गर्नका लागि निम्नानुसार नमुना छनोट गरिएको छ तर नमुना छनोट सामान्यतया तल प्रस्तुत गरे

अनुसार गरिएता पनि यो अध्ययन पूर्ण रूपमा मिश्रित भएकाले अध्ययनका क्रममा समय, परिस्थिति र आवश्यकता अनुसार लचकता भने अपनाइएको छ। उद्देश्यपूर्ण नमुना छनोट, सामान्य सम्भावनायुक्त नमुना छनोट, स्तरीकृत नमुना छनोट, सम्भावनारहित नमुना छनोट, कोटा नमुना छनोट आदि नगरिकन सुविधाजनक नमुना छनोट गरिएको छ।

### ३.३.१ जिल्ला छनोट

सुविधाजनक नमुना छनोट विधिद्वारा नेपालका जम्मा ७५ वटा जिल्लामध्ये सुनसरी जिल्लालाई छनोट गरिएको छ।

### ३.३.२ स्रोतकेन्द्र छनोट

सुविधाजनक नमुना छनोट विधिद्वारा सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्रमध्ये बलाहा स्रोतकेन्द्रलाई छनोट गरिएको छ।

### ३.३.३ स्रोतव्यक्ति छनोट

सुविधाजनक नमुना छनोट विधिद्वारा सुनसरी जिल्लामा कार्यरत १२ जना स्रोतव्यक्तिमध्ये बलाहा स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई छनोट गरिएको छ।

### ३.३.४ विद्यालय छनोट

सुनसरी जिल्लामा रहेका १२ वटा स्रोतकेन्द्रमध्ये अनुसन्धानकर्ताद्वारा आफ्नो सहजताका आधारमा बलाहा स्रोतकेन्द्र अन्तर्गत डुम्राहा गा.वि.स.का तीनवटा प्राथमिक, एउटा निम्न माध्यमिक र दुईवटा माध्यमिक विद्यालयहरूलाई साधारण सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको छ।

### ३.३.५ प्र.अ. छनोट

साधारण सम्भावनायुक्त नमुना छनोट विधिद्वारा नमुना छनोटमा परेका विद्यालयका ६ जना प्र.अ.हरू छनोट गरिएको छ।

### ३.३.६ शिक्षक छनोट

विभिन्न विद्यालयका शिक्षकहरूमध्ये सुविधाजनक नमुना छनोट विधिद्वारा छनोटमा परेका विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने दस जना शिक्षक छनोट गरिएको छ।

### ३.३.७ विद्यार्थी छनोट

विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये साधारण सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोटमा परेका प्रत्येक विद्यालयमा अध्ययनरत दश जना छात्र र दश जना छात्रा छनोट गरिएको छ ।

### ३.३.८ अभिभावक छनोट

नमुना छनोट प्रक्रिया अन्तर्गत यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्नका लागि साधारण सम्भावनायुक्त नमुना छनोट विधिद्वारा ६ जना अभिभावक छनोट गरिएको छ ।

### ३.३.९ विद्यालय व्यवस्थापन समितिका पदाधिकारी छनोट

छात्रवृत्तिका सम्बन्धमा विभिन्न प्रतिक्रिया लिएर विश्लेषण र व्याख्या गरी तथ्यगत कुराहरू पत्ता लगाउनका लागि सुविधाजनक नमुना छनोट विधिद्वारा छनोटमा परेका प्रत्येक विद्यालयका सात/सात जना पदाधिकारीहरु मध्ये एक/एक जना पदाधिकारी छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस अन्तर्गत खुल्ला प्रश्नावली, विज्ञ शिक्षक, शिक्षिका, छलफल, समूह छलफल विद्यार्थी, दस्तावेज अध्ययन, पाठ्यपुस्तक आदि भएता पनि यस शोध अध्ययनका क्रममा निम्न प्रकारका स्रोतहरूबाट तथ्याङ्क/सूचना सङ्कलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययनको प्राथमिक स्रोतको रूपमा अन्तर्वार्ता प्रश्नावली मार्फत् आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अध्ययनको द्वितीय (सहायक) स्रोतको रूपमा विद्यालयका अभिलेख, नतिजा पञ्जिका र लेख पत्रिका आदिबाट सूचना सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

तथ्याङ्क भन्नु नै तथ्य+अङ्क प्राप्त गर्नु हो, अतः तथ्य सत्य कुरा पत्ता लगाएर त्यसको विवेचनात्मक ढङ्गबाट प्रस्तुतीकरण गर्नु पर्दछ । अध्ययनका क्रममा सरकारबाट सुविधा पाउने विद्यार्थी, तिनका अभिभावक, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूमा अन्तर्वार्ता अनुसूची, विद्यालयका अभिलेख तथा तयार र प्रयोग गरिएका अध्ययनका साधनहरू निम्न अनुसार छन् :

### ३.५.१ प्रश्नावली

अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा पर्ने खालका विधिहरूको उपयोग गरिन्छ । जसमा प्रश्नावली विधि पनि एक महत्त्वपूर्ण विधि हो । यस अन्तर्गत प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र स्रोतव्यक्तिसँग अनुसूची १, २, ३ र ४ अनुसारका प्रश्नावली प्रयोग गरिएको छ ।

### ३.५.२ समूह छलफल

छलफलबाट नै निचोड र निष्कर्ष निक्लने हुनाले नमुना छनोटमा परेका विद्यार्थीहरूलाई समूह छलफल निर्देशिका अनुसारका विषयहरूमा विद्यार्थीहरूसँग समूह छलफल गरिएको छ ।

### ३.५.३ सर्वेक्षण फारम

कुनै पनि विषयवस्तुका बारेमा आवश्यक सूचनाहरू प्राप्त गर्नका लागि उपयुक्त तथ्याङ्क सङ्कलन गर्न माध्यमहरूको खोजी गर्नुपर्ने हुन्छ । समाहित शिक्षाद्वारा सिकाइ उपलब्धिमा सुधार गर्नका लागि र सम्बन्धित सरोकारवालाको प्रतिक्रिया लिन मत सर्वेक्षण फारम प्रयोग गरिएको छ भने विद्यालयको भौतिक अवस्था पत्ता लगाउन विद्यालय सर्वेक्षण फारम प्रयोग गरिएको छ । भौतिक विवरण सङ्कलनका लागि विद्यालय सर्वेक्षण फारम र मत सर्वेक्षण फारम क्रमशः अनुसूची ५ र ६ मा राखिएको छ ।

## ३.६ साधनको वैधता

शोधपत्र तयार गर्ने क्रममा निर्माण गरिएका साधनहरूको वैधता र विश्वसनीयता हुनु आवश्यक छ । यस शोधपत्रमा तयार गरिएका खुल्ला प्रश्नावली र समूह छलफल गरी

आवश्यक संसोधन गरी सम्बन्धित शोध निर्देशकलाई देखाइएको र निर्देशकको आवश्यक सुझाव र सल्लाह अनुसार संसोधन गरी शोध समितिमा प्रस्तुत गरिएको छ । शोध निर्देशकको सल्लाह र सुझाव अनुसार सुधार तथा परिमार्जन गरी अन्तिम रूप दिएर वैधता निर्धारण गरिएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि अध्ययन कर्ताको आफ्नो सीमित समय, साधन र सजिलोका लागि नमुना छनोटमा उल्लेख गरे अनुसार सुनसरी जिल्ला बलाहा स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयहरू छनोट गरिएको छ । अध्ययनका क्रममा विद्यालय प्रशासनसँग अनुसन्धानका लागि अनुमति लिइएको छ र सबै शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अनुसन्धान कार्यमा सहयोग गर्न अनुरोध गरिएको थियो । सकारात्मक वातावरण निर्माण गरिसकेपछि सूचना सङ्कलनका साधनहरूको प्रयोग गरी अध्ययन सञ्चालन गरिएको  थियो । विद्यालय प्रशासकसँगको सल्लाह अनुसार समय निर्धारण गरी अन्तर्वार्ता अनुसूची प्रयोग गरेर प्रधानाध्यापक र शिक्षकबाट सूचना सङ्कलन गरिएको छ । त्यसै गरी लक्षित समूह छलफल विद्यार्थीहरू बीच सञ्चालन गरिसकेपछि छनोटमा परेका अभिभावकहरूलाई बोलाउन अनुरोध गरी अर्को दिन अभिभावकसँग अन्तर्वार्ता अनुसूचीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना विद्यालयको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमा पनि अन्तर्वार्ता सञ्चालन गरेर र सर्वेक्षण फारमको प्रयोग गरी अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

# परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत परिच्छेदमा सुनसरी जिल्लाको डुम्राहा गा.वि.स. अन्तर्गतका नमुना छनोटमा परेका ६ वटा विद्यालयहरूको भौतिक व्यवस्थापनको वर्तमान अवस्थाको तुलनात्मक अध्ययन गरिएको छ । यसैगरी हाल सञ्चालनमा रहेका उक्त विद्यालयहरूको सिक्षण सिकाइ क्रियाकलापको कार्यान्वयन, समाहित शिक्षा कार्यक्रम बमोजिम भए नभएको, समाहित शिक्षाका समस्याहरू र समाधानका उपायहरू पत्ता लगाउने दृष्टिकोणले तथ्याङ्कलाई मुख्य चारवटा शीर्षक अन्तर्गत राखिएको छ ।

### ४.१ विद्यालयको वर्तमान भौतिक व्यवस्थापन

विद्यालयको उद्देश्य निर्धारण गर्नु र सो उद्देश्य प्राप्त गर्न योजना, सङ्गठन, कर्मचारी र शिक्षकको नियुक्ति, कार्य सम्पादन मूल्याङ्कन, स्रोत र साधनलाई व्यवस्थित गरेर परिचालन गर्नु नै विद्यालय व्यवस्थापन हो । जस अन्तर्गत विद्यालयको भवन, कक्षाकोठा, प्रशासन कक्ष, फर्निचर, कम्पाउण्ड, शौचालय, पुस्तकालय आदि झल्कने गरी नमुना छनोटमा परेका ६ वटा विद्यालयहरूको भौतिक विवरण यसप्रकार छ -

तालिका नं. २

विद्यालयको भौतिक विवरण

| क.सं. | भौतिक साधन | त्रिभुवन मा.वि. | | शनिश्चरे मा.वि. | | शेहरा प्रा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त |
| 1 | विद्यालय भवन | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 2 | कक्षा कोठा | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 3 | खानेपानी | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 4 | छात्रा शौचालय | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 5 | छात्र शौचालय | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | भण्डार कक्ष | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 7 | प्र.अ. कक्ष | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 8 | अतिरिक्त क्रियाकलाप कक्ष | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 9 | शिक्षक कक्ष | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 10 | क्यान्टिन | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 11 | पुस्तकालय | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 12 | विद्यालय कम्पाउन्ड | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 13 | प्रयोगशाला | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 14 | शैक्षिक सामग्री | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 15 | कम्प्युटर | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 16 | खेल मैदान | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 17 | डेक्स बेन्च | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 18 | कुर्सी | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 19 | र्‍याक | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 20 | कालोपाटी | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 21 | दराज | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 22 | ग्लोब | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 23 | नक्सा | | अपर्याप्त | पर्याप्त | | | अपर्याप्त |
| 24 | फ्लाटिन बोर्ड | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 25 | टेलिभिजन | पर्याप्त | | | अपर्याप्त | | अपर्याप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 26 | खेलकुद सामग्री | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 27 | शिक्षक शौचालय | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. ३

विद्यालयको भौतिक विवरण


| qm=;+= | भौतिक साधन | श्री वि.पि.नि. मा.वि. | | सरस्वती प्रा.वि. | | ठूलेमोहोर प्रा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त |
| 1 | विद्यालय भवन | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 2 | कक्षा कोठा | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 3 | खानेपानी | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 4 | छात्रा शौचालय | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 5 | छात्र शौचालय | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 6 | भण्डार कक्ष | पर्याप्त | | | अपर्याप्त | पर्याप्त | |
| 7 | प्र.अ. कक्ष | पर्याप्त | | | अपर्याप्त | पर्याप्त | |
| 8 | अतिरिक्त क्रियाकलाप कक्ष | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 9 | शिक्षक कक्ष | पर्याप्त | | | अपर्याप्त | | अपर्याप्त |
| 10 | क्यान्टिन | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 11 | पुस्तकालय | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 12 | विद्यालय कम्पाउन्ड | पर्याप्त | | | अपर्याप्त | पर्याप्त | |
| 13 | प्रयोगशाला | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 14 | शैक्षिक सामग्री | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 15 | कम्प्युटर | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 16 | खेल मैदान | पर्याप्त | | | अपर्याप्त | | अपर्याप्त |
| 17 | डेक्स बेन्च | पर्याप्त | | | अपर्याप्त | पर्याप्त | |
| 18 | कुर्सी | पर्याप्त | | | अपर्याप्त | पर्याप्त | |
| 19 | न्याक | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 20 | कालोपाटी | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 21 | दराज | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 22 | ग्लोब | पर्याप्त | | पर्याप्त | | | अपर्याप्त |
| 23 | नक्सा | | अपर्याप्त | पर्याप्त | | | अपर्याप्त |
| 24 | फ्लाटिन बोर्ड | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |
| 25 | टेलिभिजन | पर्याप्त | | | अपर्याप्त | | अपर्याप्त |
| 26 | खेलकुद सामग्री | | अपर्याप्त | | अपर्याप्त | | अपर्याप्त |
| 27 | शिक्षक शौचालय | पर्याप्त | | पर्याप्त | | पर्याप्त | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

चित्र नं. १

विद्यालयको भौतिक अवस्थाको तुलना




माथिको तालिका नं २ र ३ तथा स्तम्भ चित्र नं. १ बाट के प्रष्ट हुन्छ भने विद्यालयमा हाल विद्यमान २७ वटा भौतिक सामग्री विवरण मध्ये श्री त्रिभुवन माध्यमिक विद्यालयमा १९ वटाशीर्षकमा भौतिक सामग्रीहरू पर्याप्त रहेको र सोही बमोजिम श्री शनिश्चरे माध्यमिक विद्यालयमा पनि १९ वटा शीर्षकमा नै भौतिक सामग्रीहरू पर्याप्त मात्रामा रहेको र बाँकी ८ वटा शीर्षकमा अपर्याप्त रहेको देखिएको छ। त्यसैगरी श्री शेहरा प्रा.वि.मा १५ वटा शीर्षकमा भौतिक सामग्रीहरू पर्याप्त मात्रामा रहेको छ भने १२ वटा शीर्षकमा भौतिक सामग्रीहरू थप गर्नुपर्ने देखिन्छ। त्यसैगरी वि.पि.नि.मा.वि.मा १९ वटा शीर्षकमा सामग्रीहरू पर्याप्त मात्रामा छन् भने ८ वटा शीर्षकमा अपर्याप्त देखिएको छ। सरस्वती प्रा.वि.मा १२ वटा र ठूलेमोहोर प्रा.वि.मा ११ वटा शीर्षकमा भौतिक सामग्रीहरूको पर्याप्त व्यवस्था भएको पाइयो। यसरी हेर्दा माध्यमिक २ वटा विद्यालय सरह श्री वि.पि.नि.मा.वि.मा पनि भौतिक व्यवस्थापन पक्ष राम्रो रहेको तर सरस्वती प्रा.वि. र श्री ठूलेमोहोर प्रा.वि.मा भौतिक व्यवस्थापन कमजोर रहेको पाइयो।

विद्यालयमा शिक्षण सिकाइका निमित्त आवश्यक पर्ने डेस्क, बेन्च, मेच, कालोपाटी, ग्लोव, नक्सा जस्ता सामग्रीहरू विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त छन् भने आधुनिक शिक्षाका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै कम्प्युटर, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप कक्ष जस्ता सामग्रीहरू अपर्याप्त देखिन्छ। जसले गर्दा प्रयोग गरेर सिक्नुपर्ने

विज्ञानका विभिन्न कुराहरू विद्यार्थीले सिक्न पाएका छैनन् । तसर्थ समाहित शिक्षाको उद्देश्य अनुसार शैक्षिक सामग्रीहरूको व्यवस्था, बालमैत्रीपूर्ण भौतिक वातावरण सिर्जना गर्न अरू प्रयास गर्नुपर्ने देखिन्छ ।

माथिको तालिकाबाट के देखिन्छ भने नमुना विद्यालयमा विद्यालय भवन पर्याप्त छन् । उक्त विद्यालयमा शिक्षण सिकाइका निमित्त आवश्यक पर्ने डेस्क, बेन्च, मेच, कालोपाटी, ग्लोव, नक्सा जस्ता सामग्रीहरू विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त छन् भने आधुनिक शिक्षाका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै कम्प्युटर, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप कक्ष जस्ता सामग्रीहरू अपर्याप्त देखिन्छ । जसले गर्दा प्रयोग गरेर सिक्नुपर्ने विज्ञानका विभिन्न कुराहरू विद्यार्थीले सिक्न पाएका छैनन् । तसर्थ समाहित शिक्षाको उद्देश्य अनुसार शैक्षिक सामग्रीहरूको व्यवस्था, बालमैत्रीपूर्ण भौतिक वातावरण सिर्जना गर्न अरू प्रयास गर्नुपर्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा समाहित शिक्षाका लागि श्री त्रिभुवन मा.वि., श्री शनिश्चरे मा.वि. र श्री वि.पि.नि.मा.वि. सक्षमतातिर अघि बढिरहेको पाइयो । यसबाट व्यवस्थापन पक्ष विस्तारै अझ सुधार्दै क्रमशः जान्छ भन्ने इल्टन मायोको सिद्धान्त स्पष्ट रूपमा मेल खाएको देखिन्छ । किनकि ठूलेमोहोर प्रा.वि. र सरस्वती प्रा.वि.बीच १ को फरक छ भन्नुको तात्पर्य सरस्वती प्रा.वि.सुधारोन्मुख हुँदै गएको स्पष्ट हुन्छ ।

## ४.२ समाहित शिक्षा कार्यान्वयनका सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया

समाहित शिक्षाका सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया लिने कार्य गरिएको छ, जसमा समाहित शिक्षा कार्यक्रम सञ्चालनका लागि के कस्ता आधारहरू भए राम्रो हुन्छ भन्ने मान्यतामा गरिएको छ । तर यसमा कतिपयको प्रतिक्रिया अलग्गै रहेको पाइयो । जुन तलको तालिकामा देखाइएको छ भने उक्त तालिकालाई पनि स्तम्भ चित्रमा देखाइएको छ ।

तालिका नं. ४


समाहित शिक्षा कार्यान्वयनमा सम्बन्धित सरोकारवालाको प्रतिक्रिया

| विवरण | जम्मा सङ्ख्या | सरोकारवालाहरूको मत | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | सामान्य | न्यून |
| प्र.अ. | ६ | - | १ | ५ | - | - |
| वि.व्य.स. पदाधिकारी | ६ | - | ३ | ३ | - | - |
| स्रोतव्यक्ति | १ | - | | १ | - | - |
| शिक्षक | १२ | २ | ३ | ४ | ३ | - |
| अभिभावक | २४ | १ | ४ | १८ | - | १ |
| कुल जम्मा | ४९ | ३ | ११ | ३१ | ३ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

चित्र नं. २

समाहित शिक्षा कार्यान्वयनमा सम्बन्धित सरोकारवालाको प्रतिक्रिया



माथिको तालिका नं. ४ तथा चित्र नं. २ बाट स्पष्टसाथ यो भन्न सकिन्छ कि समाहित शिक्षा कार्यान्वयन सम्बन्धमा अति उत्तम तरिकाले हाल विद्यालयमा सञ्चालन भएको भन्ने मत ३ जनाबाट (६.१२%) प्राप्त भयो भने ११ जना (२२.४९%) बाट उत्तम तरिकाले सञ्चालन भएको प्रतिक्रिया प्राप्त भएको छ। त्यसैगरी ३१ जना (६३.२६%) ले मध्यम रूपमा सञ्चालन भएको प्रतिक्रिया दिएका छन्। अध्ययनका क्रममा ३ जना (६.१२%) ले सामान्य रूपमा र १ जना (२.०४%) ले न्यून रूपमा सञ्चालन भइरहेको छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन्।

यसबाट के स्पष्ट हुन सकिन्छ भने समाहित शिक्षाका लागि उक्त कार्यक्रम कार्यान्वनय गर्ने सरकारी आधार र नीतिहरू क्रमशः प्रभावकारी बनाउँदै लगिने छ। यसमा सरकारी नीति बमोजिम मेल खाएको देखिन्छ।

## ४.३ समाहित शिक्षा कार्यान्वयनका समस्याहरू

समाहित शिक्षा कार्यक्रमका समस्याहरू पत्ता लगाउने उद्देश्यले विभिन्न साधनहरूको प्रयोग गरिएको छ। जसबाट विभिन्न मतहरू प्राप्त भएको छ। उक्त मतलाई निम्नानुसार तालिका तथा वृत्तचित्रमा प्रस्तुत गरिएको छ -

तालिका नं. ५


समाहित शिक्षा कार्यक्रमका समस्याहरू सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया

| विवरण | जम्मा सङ्ख्या | सरोकारवालाहरूको प्रतिक्रिया | | |
|---|---|---|---|---|
| | | जटिल | मध्यम | सामान्य |
| प्र.अ. | ६ | 3 | 3 | - |
| वि.व्य.स. पदाधिकारी | ६ | 1 | 5 | - |
| स्रोतव्यक्ति | १ | | 1 | - |
| शिक्षक | १२ | 6 | 2 | 4 |
| अभिभावक | २४ | 2 | 12 | 10 |
| कुल जम्मा | ४९ | 12 | 23 | 14 |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

चित्र नं. ३

समाहित शिक्षा कार्यक्रमका समस्याहरू सम्बन्धी वृत्तचित्र




माथिको तालिका तथा वृत्तचित्रलाई विश्लेषण गर्दा समाहित शिक्षाका लागि के कस्ता समस्याहरू छन् भन्ने अभिमतमा जम्मा ४९ जनाबाट विभिन्न मत प्राप्त भयो । जसमा समस्याहरू जटिल रहेका छन् भन्ने प्रतिक्रिया १२ जना (२४ प्रतिशत) ले दिएका छन् भने समस्याहरू मध्यम प्रकृतिका हुन् भन्ने २३ जना (४७ प्रतिशत) रहेका छन् । त्यसैगरी समस्यालाई सामान्य रूपमा लिने १४ जना (२९ प्रतिशत) रहेको देखिएको छ । यसबाट जटिल पनि क्रमशः सरल हुँदै जाने मास्लोको सिद्धान्त पुष्टि भएको पाइन्छ ।

सुनसरी जिल्ला बलाहा स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री यज्ञप्रसाद ढकालका अनुसार समाहित शिक्षाका लागि हामीसँग धेरै पूर्वाधारहरू छन् तर कार्यान्वयन फितलो रहेको देखिएकाले यसमा क्रमिक रूपमा सुधार गर्दै जानुपर्ने कुरा व्यक्त गर्नुभएको छ ।

यसैगरी श्री शनिश्चरे मा.वि.का प्र.अ.श्री निरन्जन दासका अनुसार समाहित शिक्षाले समेट्न खोजेका बालबालिकाका लागि हामीसँग उपयुक्त व्यवस्थापन गर्ने साधन छैनन् । यो एउटा समस्या हो ।

श्री त्रिभुवन मा.वि.का शिक्षक किरण कुमार कार्कीका अनुसार समाहित शिक्षाले अपाङ्गमैत्री विद्यालय भवन हुनुपर्ने, जुन भवन तथा शौचालय अपाङ्गमैत्री छैन भने शिक्षा कार्यालयबाट प्राप्त नन् स्यालरी र अन्य मर्मत खर्च निकासाबाट अनिवार्य अपाङ्ग मैत्री तथा बालमैत्री भवन तथा शौचालय बनाउनु पर्ने कुरा समस्याका रूपमा रहेको छ । त्यसैगरी अपाङ्गहरूका लागि ऱ्याम्पको व्यवस्था गरिएको छैन ।

त्यसैगरी सोही विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रघुवीर मण्डलका अनुसार हाम्रो कक्षा १० अध्ययनरत छात्र हरि सुवेदी दुवै कान सुन्दैनन् । उनका लागि सिकाइ सुधार गर्ने साधन हामीसँग के छ ? भन्ने समस्या राख्नुभयो ।

श्री शेहरा प्रा.वि.का अभिभावक इन्दिरा परियारले समाहित शिक्षाले हामी जस्ता दलितलाई राम्ररी हेरेको छैन भन्ने गुनासो गर्नुभयो ।

## ४.४ समाहित शिक्षा कार्यान्वयनका समस्या समाधानका उपायहरू

समाहित शिक्षा कार्यक्रम लागू गर्नका लागिसम्बन्धित सरोकारवालाहरूसँग प्रतिक्रिया लिइएको छ । जसमा श्री त्रिभुवन मा.वि.का प्र.अ.गंगाराम मण्डलका अनुसार यो समाहित शिक्षा कार्यक्रम ज्यादै व्यापक कार्यक्रम हो, यस सम्बन्धमा कतिपयलाई त समाहित शिक्षा भनेको के हो ? यसले के गर्छ ? यो कार्यक्रम कहाँबाट सुरु भयो ? यसका कार्यान्वयनमा के समस्या छन् भनेर कुनै जानकारी नै नभएको पाइयो । हाम्रै विद्यालयमा यस कार्यक्रमले समेट्न खोजेका विद्यार्थीहरू धेरै छन् । ती मध्ये मुख्य कक्षा ४ मा अध्ययनरत छन् । कक्षा चारमा अध्ययनरत छात्र चन्दन ठाकुर मेरा छिमेकीका छोरा हुन् । उनी हिँड्न मज्जाले सक्दैनन् । कति पटक विद्यालय आउँदा उनी लड्छन् । मैले धेरै पटक उठाएको छु । यसैगरी कक्षा ४ मै अध्ययनरत अर्का छात्र सूर्यनारायण साह हुन् । उनका हातका दसओटै औँला छैनन् र एउटा खुट्टोको घुँडादेखि तल छैन । उनी कृत्रिम खुट्टाको सहायताले हिँडडुल गर्छन् । पढाइमा उनी जेहेनदार छन् । यस्ता प्रकृतिका समस्या भएका छात्रछात्राहरूलाई समाहित शिक्षाले समेट्नु पर्दछ ।

यसैगरी श्री वि.पि.नि.मा.वि.का प्र.अ.किरणहरि भट्टराईका अनुसार - हाम्रो विद्यालयमा पनि समाहित शिक्षा कार्यक्रमले समेट्ने १३ प्रकारका विद्यार्थीहरूमध्ये ६ प्रकारका विद्यार्थीहरू हाम्रो विद्यालयमा छन् । जसमा मुख्य गरी सम्राट सिंह चौधरी र राजु दास हुन् । यस्तै पिछडा वर्ग, बालश्रमिक, दलित, सिमान्तकृत पनि छन् ।

श्री ठूलेमोहोर प्रा.वि.का प्र.अ. बाबुराम थापाका अनुसार - हाम्रो विद्यालयमा कक्षा ३ मा अध्ययनरत कृष्ण निरौला जो घरबारविहिन जस्ता भएका छन् । उनका बाबुआमा घरमा छैनन् । यस्ता प्रकृतिका विद्यार्थीहरूलाई समाहित शिक्षा कार्यक्रमले समेट्न सक्नुपर्छ । अध्ययनका क्रममा श्री शेहरा प्रा.वि.का प्र.अ. हेमबहादुर बिष्टका अनुसार समाहित शिक्षा कार्यक्रम प्रभावकारी भएता पनि कतिपय विद्यार्थीहरूलाई यसले समेट्ने प्रयास गरेता पनि वार्षिक रूपमा दिइने रकम अति कम छ । त्यस्ता विद्यार्थीलाई अझ बढी सुविधाहरू सरकारले दिनुपर्छ ।

त्यस्तैगरी श्री शनिश्चरे मा.वि.डुम्राहा १ का सहायक प्र.अ. काशीनाथ सिंह र प्र.अ. निरञ्जन दासको प्रतिक्रिया एउटै खालको रहेको छ । वहाँहरू भन्नुहुन्छ - समाहित शिक्षा कार्यक्रमले ती लक्षित समूहका १३ प्रकारका बालबालिकालाई समेट्न एकै ठाउँमा निकै गाह्रो छ । किनकि ती भिन्नभिन्न स्वभाव र प्रकृतिका हुन्छन् । जस्तै एच.आइ.भी.एड्स रोगग्रस्त विद्यार्थी र सडक बालबालिकाको बीचमा व्यवहारहरू मिलाई एकैठाउँमा शिक्षण गर्न निकै गाह्रो हुन्छ । हाम्रो विद्यालयमा पनि यस्ता प्रकारका विद्यार्थीहरू लक्षित समूहका ६ खालका रहेका छन् ती मध्ये रेणुका चौधरी पनि एक हुन् ।

श्री सरस्वती प्रा.वि.का प्रधानाध्यापक लक्ष्मण प्रसाद चौधरीका अनुसार दलित, आदिवासी, जनजाति, अपाङ्ग, महिला, सडक बालबालिका, रोगग्रस्त बालबालिकाका स्वभाव र रुचीहरू फरक फरक हुन्छन् । हामीलाई शिक्षण गर्दा यस्ता विद्यार्थीहरूका माझ निकै ठूलो चुनौतीको सामना गर्नुपर्ने हुन्छ ।

समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययनबाट नमुना छनोटमा परेका विद्यालय, प्रधानाध्यापक, अभिभावक, वि.व्य.स. पदाधिकारी र स्रोतव्यक्तिको धारणा अनुसार समाहित शिक्षा एक रणनीतिक योजना हो । यसका लागि विद्यालयमा आवश्यक भौतिक पूर्वाधारहरू हुनुपर्दछ जो अहिले विद्यालयमा कतिपय पूरा छन्, कतिपय पूरा हुन बाँकी छन् । ती क्रमशः पूरा हुँदै जान्छन् भन्ने अब्राहम मास्लोको सिद्धान्त बमोजिम पुष्टि भएको पाइन्छ । यसैगरी हाल नमुना छनोटमा परेका विद्यालयहरूको स्थलगत सर्वेक्षण गर्दा समाहित शिक्षा कार्यक्रम लागू गर्नका लागि कतिपय विद्यालयहरू ७५ प्रतिशत सक्षम भएको पाइन्छ ।

कतिपय नमुना छनोटमा परेका विद्यालयहरूमा सडक बालबालिका, दलित, सिमान्तकृत आदिबासी जनजाति, महिला, अपाङ्ग, असहाय आदि रहेका र तिनको उपयुक्त ढङ्गले

शिक्षण सिकाइ गर्न नसकेता पनि हाल मौजुदा रहेको कार्यनीति बमोजिम शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरेको देखिन्छ। समाहित शिक्षा शाखाले राखेको लक्ष्य बमोजिम हाल विद्यालयमा यी कुराहरू पाइएकाले उद्देश्य बमोजिम लक्ष्य प्राप्ति भएकाले यो अध्ययनमा मेल खाएको देखिन्छ।

## ४.५ प्राप्तिहरू

यस अध्ययनबाट निम्न कुराहरू प्राप्त भएका छन् -

लक्षित समूहका लागि विद्यालयमा उपयुक्त भौतिक व्यवस्थापन नभएको पाइएको छ।

लक्षित समूहका बालबालिकालाई दिइने छात्रवृत्ति रकम समय अनुसार कम भएको छ।

अपाङ्ग मैत्री भवन नभएको, रोगग्रस्त बालबालिकाका लागि छुट्टै पढ्ने स्थानको व्यवस्था नभएको, अतिरिक्त क्रियाकलापमा अनिवार्य लक्षित समूहका बालबालिकालाई समेट्ने नगरेको।

विद्यार्थी बसाई व्यवस्थापन बालमैत्री नभएको, लक्षित समूहका बालबालिकाका लागि छुट्टै मनोरञ्जनात्मक खेल सामग्री नभएको, समाहित शिक्षाको तालिम पूर्णरूपमा शिक्षकले नपाएको, कक्षाकोठाको वातावरण बालमैत्री नभएको पाइयो।

अध्ययन गरिएका सबै विद्यालयहरूमा विद्यालय भवन, कक्षाकोठा, खानेपानी, भण्डार कक्षा, प्र.अ.कक्ष, शिक्षक कक्ष, विद्यालय कम्पाउण्ड, डेक्स, बेच्च, कुर्सी, ऱ्याक, कालोपाटी, दराज, ग्लोब आदि सामग्रीहरू पर्याप्त मात्रामा रहेको पाइयो। तर नक्सा, टेलिभिजन, अतिरिक्त क्रियाकलाप कक्ष, प्रयोगशाला, शैक्षिक सामग्री तथा खेलकुद सामग्रीहरू केही मात्रामा भएता पनि पर्याप्त मात्रामा नरहेको पाइयो।

हाल विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये अपाङ्ग, दलित, आदिवासी जनजाति, महिला, अनाथ, दण्डपीडित बालबालिकाहरूलाई विद्यालयहरूले हेर्ने दृष्टिकोण मध्यम स्तरको रहेको पाइयो।

समाहित शिक्षा कार्यान्वयनका सम्बन्धमा विभिन्न सरोकारवालाहरूसँग लिइएको प्रतिक्रियाका अनुसार मध्यम स्तरमा कार्यान्वयन भएको देखिएको छ।

# परिच्छेद - पाँच

## निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएको तथ्याङ्कको व्याख्या एवम् विश्लेषणबाट प्राप्त जानकारीका आधारमा प्राप्तिको सूची तयार गरी सोका आधारमा निष्कर्ष र सुझाव दिने काम गरिएको छ ।

### ५.१ निष्कर्ष

समाहित शिक्षाका दृष्टिकोणबाट नमुना छनोटमा परेका विद्यालय, वि.व्य.स.पदाधिकारी, शिक्षक, अभिभावक, विद्यार्थी एवम् स्रोतव्यक्तिबाट तथ्याङ्क सङ्कलन गरी प्राप्त निष्कर्षहरू देहाय बमोजिम रहेका छन् -

- नेपाल सरकारले विद्यालयमा समाहित शिक्षाका लागि भौतिक व्यवस्थापनमा जोड दिने नीति लिएता पनि उक्त नीतिको कार्यान्वयन प्रभावकारी रूपमा नमुना छनोटमा परेका विद्यालयमा लागू भएको देखिएन ।
- असहाय, अपाङ्ग, दण्डपिडित, शोसित आदि लक्षित समूहका बालबालिकालाई दिइने छात्रवृत्ति रकममा वृद्धि गर्नुपर्ने,
- समाजले उक्त लक्षित समूहका बालबालिकालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन पहल गर्नुपर्ने,
- उक्त बालबालिकाहरूका लागि हाल सरोकारवालाले गरिरहेका व्यवहारहरूमा अझ सुधार गराउने खालका नयाँ रणनीतिहरूको तय सरकारले गर्नुपर्ने,
- लक्ष्ति समूहका बालबालिकालाई सैद्धान्तिक शिक्षामा भन्दा कतिपय अवस्थाका बालबालिकालाई सीपमूलक शिक्षा दिने र सोमा पनि प्रयोगात्मक पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ।
- विद्यालय भवनहरू पूर्णरूपमा लक्षित समूहमा परेका बालबालिका मैत्री हुनुपर्ने,
- विद्यालयमा न्यूनतम भौतिक पक्षका आवश्यक वस्तुहरू विद्यालय तथा अन्य सरोकारवाला व्यक्तिले पूरा गर्नुपर्ने,

- समाहित शिक्षा कार्यक्रम लागू गर्नका लागि विद्यालयका प्र.अ., वि.व्य.स.पदाधिकारी, सि.अ.सं., अभिभावक र स्वयम् विद्यार्थी पनि क्रियाशील हुनुपर्दछ । केवल सरकारको मात्र मुख ताक्नु हुँदैन ।
- समाहित शिक्षा विद्यालयको एक प्रणालीगत आवश्यकता हो । यसको सफल कार्यान्वयन गर्ने जिम्मा सम्बन्धित सरोकारवालामध्ये मुख्य विद्यालयका प्र.अ. र शिक्षकहरूको हो ।
- विद्यालयको वरिपरि रहेको बस्तीमा प्राय आर्थिक सम्पन्न व्यक्तिहरूको बसोबास हुनु लक्षित समूहका विद्यार्थीहरू न्यून हुनुको कारण रहेको छ ।
- समाहित शिक्षाको तालिम नलिएका शिक्षकहरूलाई यथाशिघ्र तालिम लिन पठाउनु पर्छ ।
- ६ वटै विद्यालयमा प्रयोगशाला र कम्प्युटरको व्यवस्था गर्नुपर्छ ।
- समाहित शिक्षाको लक्षित समूहका विद्यार्थीहरू कहाँ कति छन् ? व्यापक अनुसन्धान गरी उनीहरूलाई विद्यालयीय वातावरण भित्र ल्याई शिक्षा दिने व्यवस्था गर्नु पर्दछ ।
- समाहित शिक्षाको व्यवस्थापनका विभिन्न समस्याहरू समाधान गर्न सम्बन्धित पक्षहरूले प्रयास गरेका छन् र अझ बढी प्रयास गर्नुपर्छ ।
- शारीरिक अपाङ्गका लागि आवश्यक पर्ने वैशाखी, ह्वीलचियर, कृतिम हात खुट्टा, ट्राइ साइकल, विद्यालयमा विशेष किसिमको फर्निचर आदिको व्यवस्था गरी शिक्षा लिन प्रेरित गर्नुपर्छ ।
- लक्षित समूहका विद्यार्थीलाई शिक्षक र साथीहरूले विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापमा समान व्यवहार गरेका छन् ।
- शिक्षकले सबै विद्यार्थीलाई समूह नेता बन्ने अवसर दिनुपर्छ ।
- लक्षित समूहका विद्यार्थीलाई छात्रवृति बढाएर दिनुपर्छ जसले गर्दा उनीहरू झन उत्साहित हुन्छन् ।
- प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर छन् तिनीहरूलाई विद्यालय भित्र ल्याउन राज्यले विशेष व्यवस्था गर्नुपर्छ ।
- लक्षितसमूहका बालबालिकाहरू नमुना छनोट विद्यालयमा रहेको तर धेरै सङ्ख्यामा नरहेको पाइयो ।

- समाहित शिक्षाले विद्यालयको भौतिक व्यवस्थामा केही हदसम्म ध्यान दिएको देखिए तापनि यसमा व्यापक सुधार गर्नुपर्ने देखियो ।
- लक्षित समूहका बालबालिकाको शिक्षण सिकाइमा सुधार गर्ने साधन विद्यालयमा नरहेको पाइयो ।
- नमूना छनोटमा परेका विद्यालयहरुमा लक्षित समूहका वालवालिकाका लागि विशेष किसिमका सामगीहरुको व्यवस्थापन नरहेको पाइयो ।
- नमूना छनोटमा परेका विद्यालयहरुमा लक्षित समूहका वालवालिका मध्ये अपाङ्ग वालवालिकाको लागि भवन रहेको पाइयो ।

## ५.२ सुझावहरू

प्राप्त तथ्याङ्कको व्याख्या, विश्लेषण र अध्ययनलाई उपलब्ध जानकारीका आधारमा समाहित शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ -

- समाहित शिक्षाको तालिम लिन जाँदा तालिम अवधिभर विद्यालय बन्द नगर्ने र सबै शिक्षक एकैचोटी तालिममा नगई पालैपालो जानुपर्ने,
- कक्षा १-३ सम्मको विद्यार्थीलाई गोलाकार बसाई व्यवस्थापन गरी राखिएको छ । उनीहरूलाई शिक्षक र साथीहरूले कालोपाटीमा लेखेको हेर्न कठिनाई भएको पाइयो । विषयवस्तुको प्रकृति अनुसार प्रत्येक शिक्षकले उनीहरूलाई विभिन्न प्रकारको बसाइ व्यवस्थापन गरी राख्नुपर्ने जस्तै लहरे प्रकार बसाइ, U आकारको बसाइ, V आकारको बसाइ र समूह बसाइ ।
- स्कुलको हाताभित्र हिँडडुल गर्न अपाङ्ग विद्यार्थीका लागि बैशाखी, ह्वीलचियर आदिको व्यवस्था गर्नुपर्ने,
- एउटै कक्षामा विभिन्न क्षमताका विद्यार्थीहरू हुन्छन् । शिक्षकले एकचोटी भन्दा सबैले समान गतिमा बुझ्न सक्दैनन् । ढिलो सिक्ने विद्यालयलाई विशेष ध्यान दिने, अगाडि राखेर पठाउने र शिक्षकले सकभर शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने, समूहका जान्ने विद्यार्थीले नजान्ने विद्यार्थीलाई सिकाउन लगाउनु पर्ने जसले गर्दा ढिलो सिक्ने विद्यार्थीलाई पढाउन सजिलो हुन्छ ।
- फर्निचरको अवस्था विद्यार्थी सङ्ख्या र उनीहरूको स्तर अनुसार समूह विभाजन गरिनु पर्ने,

- गोलाकार बसाइ व्यवस्थापनमा विद्यार्थीलाई राख्दा कालोपाटीमा लेखेको हेर्न असजिलो भएको पाइयो । यस्तो अवस्थामा विद्यार्थीलाई लहरे प्रकारको बसाइमा राखी शिक्षण गरिनुपर्ने,
- कक्षाकोठाको व्यवस्थापनमा छत वा छानो भुईं र भित्ताको व्यवस्थापन गर्दछ । शिक्षकले शिक्षणका समयमा गर्ने व्यवस्थापन भनेको बसाइको समूह विभाजन र शैक्षिक सामग्रीको उचित तरिकाले प्रयोग गर्ने हो जुन प्रत्येक विषयका शिक्षकले आवश्यकता अनुसार गर्नुपर्ने,
- विद्यार्थीलाई शैक्षिक सामग्रीको प्रयोगद्वारा पढाउँदा सिकाइ पछिसम्म रहन्छ । शिक्षकले विषयवस्तु अनुसारको स्थानीय स्रोतमा पाइने र कम मूल्य पर्ने सामग्री प्रयोग गर्नुपर्ने,
- शिक्षकले पूर्व योजनालाई ४५ मिनेटमा कति क्रियाकलाप गर्ने गराउने हो, प्रत्येक समूहलाई गराउने क्रियाकलाप र समयको किटान गरी समयले भ्याउने सम्मको मात्र क्रियाकलाप छनोट गर्नुपर्ने जसले गर्दा शिक्षकलाई प्रत्येक समूहमा पुग्न सजिलो हुन्छ ।
- बुझाउन कठिन विषयवस्तुलाई शिक्षकले शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नुपर्ने र त्यो सामग्री उनीहरूलाई नजिकबाट छुन र हेर्न दिनुपर्ने, कतिपय क्रियाकलाप उनीहरूलाई नै गर्ने अवसर शिक्षकले दिनुपर्ने,
- कान कम सुन्ने विद्यार्थीलाई अरूले नजिस्क्याउने, अरू साथीलाई गरे सरहको सबै विद्यार्थीले समान व्यवहार र माया ममता गर्नुपर्ने,
- प्रत्येक शिक्षकले विषयवस्तु अनुसार गाह्रो नमानी विद्यार्थीको बसाइ व्यवस्थामा परिवर्तन गर्नुपर्ने,
- गोलाकार बसाइमा विद्यार्थीलाई कालोपाटीमा लेखेको हेर्न गाह्रो हुन्छ, यस्तो अवस्थामा लहरे प्रकारको बसाइमा विद्यार्थीलाई राखी शिक्षण गरिनुपर्ने,
- नजान्ने विद्यार्थीलाई समूहमा छलफल गर्दा सक्रिय रूपमा भाग लिन शिक्षकले प्रोत्साहित गर्नुपर्ने,
- विद्यार्थी सङ्ख्या बढाउन विद्यालयका शिक्षकले शिक्षाको महत्त्व बुझाउन घरदैलो कार्यक्रम गर्नुपर्ने,

- अध्ययन गर्दा गर्दै कक्षा छाड्ने विद्यार्थीलाई के को समस्याले गर्दा ऊ पढाइ छाड्न बाध्य भएको छ ? समस्या पत्ता लगाई सम्बद्ध पक्षले त्यसको समाधान गरी विद्यालयमा पढ्न पाउने वातावरण सिर्जना गरिनुपर्ने,
- मौसमी किसिमले बालबालिकालाई विद्यालयमा पढ्न पठाउने अभिभावकलाई आय आर्जनको क्रियाकलापमा संलग्न गराई उनीहरूका बालबालिकालाई विद्यालयमा पढ्न पठाउने वातावरण तयार गर्ने,
- अति गरिब परिवारका बच्चालाई खाने, बस्ने व्यवस्था, विद्यालय पोशाक, किताब, छात्रवृति, पढाइमा लाग्ने सम्पूर्ण खर्च र विरामी हुँदा औषधी उपचार गर्न लाग्ने खर्च समेतको व्यवस्था नेपाल सरकारले गर्नुपर्नेछ ।
- कतिपय विद्यालय बाहिर रहेका लक्षित समूहका बालबालिकालाई विद्यालय भित्र्याउने रणनीतिक योजनाको सफल कार्यान्वयनमा नेपाल सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।
- लक्षित समूहका बालबालिकाका लागि छुट्टै मनोरञ्जन सामग्रीको व्यवस्थापनमा सरकारले पहल गरे अझ राम्रो हुने देखिन्छ ।
- लक्षित समूहका बालबालिकालाई छुट्टै विद्यालय र कक्षाकोठाको व्यवस्थापन गर्न तथ्याङ्क सङ्कलन गरी सो पकेट क्षेत्रमा व्यवस्था मिलाउन नेपाल सरकारले चासो दिनुपर्ने देखिन्छ ।
- विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा लक्षित समूहका बालबालिकाका लागि उपयोगी हुन सक्ने कार्यक्रम अनिवार्य महिनामा कम्तिमा एक पटक गर्नैपर्ने र सोको अनुगमन जि.शि.का.ले गर्नुपर्ने व्यवस्था लागू गर्नुपर्ने देखिन्छ ।
- लक्षित समूहका बालबालिकालाई शिक्षण सिकाइमा सुधार गराउनका लागि कम्तिमा प्रत्येक विद्यालयबाट एक जना शिक्षकलाई तालिमको व्यवस्था मिलाउनै पर्ने ।
- समाहित शिक्षा शाखाले तयार गरेको कार्यनीति प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन विहिन बन्दै गएको देखिन्छ ।
- लक्षित समूहका वालवालिकाका लागि भवनको राम्रो व्यवस्थापन गर्नुपर्ने ।
- अपाङ्गका लागि उचित किसिमका सामग्री राख्नुपर्ने देखिन्छ ।
- अन्धा वालवालिकाका लागि उनीहरुको स्तर अनुसार शिक्षण गर्ने व्यवस्था कुनै निश्चित एक क्षेत्रमा गर्नुपर्ने देखिन्छ ।

## - सन्दर्भ सामग्रीहरू


- अधिकारी, किसानप्रसाद (२०६१), *शारीरिक अपाङ्गको शिक्षा तथा रोजगार व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षा योजना तथा व्यवस्थापन विभाग, शिक्षाशास्त्र सङ्काय ।
- अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
- अर्याल, माधवप्रसाद (२०६२), *सबैका लागि समानतामूलक शिक्षा, अपाङ्ग सशक्तिकरण,* (वर्ष १, अङ्क ९) बुद्धनगर, काठमाडौँ : नेपाल अपाङ्ग समाज ।
- काफ्ले, वासुदेव (२०६२), *समाहित शिक्षामा शिक्षकको भूमिका, अपाङ्ग सशक्तिकरण,* ( वर्ष १, अङ्क ८) बुद्धनगर, काठमाडौँ : नेपाल अपाङ्ग समाज ।
- काफ्ले, वासुदेव (२०६२), *विशेष शिक्षाको रुपान्तरण, अपाङ्ग सशक्तिकरण,* (वर्ष १, अङ्क ११) अनामनगर, काठमाडौँ : नेपाल अपाङ्ग समाज ।
- कोइराला विद्यानाथ, श्रेष्ठ चन्द्रबहादुर (२०५७), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,*
- भोटाहिटी, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
- पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम, प्रशिक्षार्थी स्रोत सामग्री, प्रथम सेमेस्टर ( २०६०), *बालविकास र सिकाइ,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।
- पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम, प्रशिक्षार्थी स्रोत सामग्री, प्रथम सेमेस्टर ( २०६१), *नेपालमा प्राथमिक शिक्षा,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।
- लुइटेल, प्रकाश (२०६९), *शिक्षक सफलता सोपान माध्यमिक तह,* शिक्षा सामग्री केन्द्र ।
- *स्थानीय स्वायत्त शासन ऐन (२०५५),* पुतलीसडक, काठमाडौँ : बौद्धिक दर्पण ।
- समाहित शिक्षा परीक्षण कार्यक्रम लागू भएका जिल्लाहरूको *संयुक्त कार्यशाला गोष्ठीको प्रतिवेदन* (२०५९), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, प्राथमिक शिक्षा महाशाखा, विशेष शिक्षा शाखा ।
- शर्मा, कुवेरनाथ (२०७०), *शिक्षाको दर्शनशास्त्रीय तथा समाजशास्त्रीय आधार,* बागबजार, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

- शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६७), *बालविकास र सिकाइ,* भोटाहिटी, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।
- *शिक्षा ऐन (२०२८), विशेष शिक्षा सूचनामूलक पुस्तिका,* भक्तपुर : विशेष शिक्षा शाखा ।
- *शिक्षा जगतको अर्धवार्षिक पत्रिका (२०६१),* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- *शिक्षक मासिक (२०६९, पौष),* जावलाखेल, ललितपुर : ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लि. ।
- श्रेष्ठ, चन्द्रबहादुर (२०६८), *शिक्षाको परिचय,* बागबजार, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।
- श्रेष्ठ, शरणहरी (२०६६), *शिक्षाको परिचय,* कीर्तिपुर, काठमाडौँ : एस.के पब्लिकेसन ।
- CERID (2004), *Situation Analysis of Special Needs Education for the Expansion of Inclusive Education*, Balkhu, Kathmandu.
- *Meeting with Inclusive Education Core Group* (2060), समाहित शिक्षा शाखा, शिक्षा विभाग, सानोठिमी भक्तपुर ।

**समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन**

**- अनुसूची - १**

**- प्रधानाध्यापकसँग सोधिने प्रश्नावली**

- नाम : .................................................................. प्र.अ.मा बसेको अवधि .............
- विद्यालय : .............................................................. ठेगाना : ..............................
- प्र.अ. व्यवस्थापन तालिम लि☐ नलिएक☐
- समाहित शिक्षा सम्बन्धी तालिम ☐ नलिएक☐
- १. समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन गर्दा के-कस्ता समस्याहरू आएका छन् ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- २. विद्यालयमा व्यवस्थापकीय कार्य गर्दा कस-कसले सहयोग गर्ने गर्दछन् ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ३. समाहित शिक्षा कार्यान्वयन गर्न तपाईंको विद्यालयमा के पहल भइरहेको छ ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ४. समाहित शिक्षा कार्यक्रमका समस्याहरू के के होलान् ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................

- ५. समाहित शिक्षा कार्यक्रमका समस्याहरू समाधान गर्न के गर्नुपर्ला ?
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- विद्यालयको छाप

- ..............................
- प्र.अ.को हस्ताक्षर

## समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

### अनुसूची - २

### वि.व्य.स.पदाधिकारीहरूका लागि प्रश्नावली

- नाम : .................................................................... समितिमा बसेको अवधि ............
- विद्यालय : ................................................................ ठेगाना : ..............................
- १. समाहित शिक्षाका लागि तपाईको विद्यालयमा के कस्ता भौतिक सामग्रीहरू छन् ?
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- २. विद्यालयमा व्यवस्थापकीय कार्य गर्दा कस-कसले सहयोग गर्ने गर्दछन् ?
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- ३. समाहित शिक्षा कार्यान्वयन गर्न तपाईंले विद्यालयमा के कस्तो पहल गर्नुभएको छ ?
- ............................................................................................
- ............................................................................................
- ............................................................................................
- ............................................................................................

- ४. समाहित शिक्षा कार्यक्रमका समस्याहरू के के होलान् ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ५. समाहित शिक्षा कार्यक्रमका समस्याहरू समाधान गर्न के गर्नुपर्ला ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
-
-

- ..............
- हस्ताक्षर

## - समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

### - अनुसूची - ३

### - शिक्षकहरूका लागि प्रश्नावली

- नाम : ............................................................ शिक्षण अवधि ...........
- विद्यालय : ........................................................ ठेगाना :

..............................

-
- १. समाहित शिक्षाका लागि तपाईंले विद्यालयमा के कस्ता भौतिक सामग्रीहरूको आवश्यकता महसुस गर्नुभएको छ ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- २. विद्यालयमा समाहित शिक्षाका लागि शिक्षण सिकाइ कसरी गर्दै आउनु भएको छ ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................

- ..........................................................................................
- ३. समाहित शिक्षा कार्यान्वयन गर्न तपाईंको विद्यालयमा क-कस्ले के कस्तो पहल गरिरहनु भएको छ ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ४. समाहित शिक्षा कार्यक्रमका समस्याहरू के के रहेका छन् ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ५. समाहित शिक्षा कार्यक्रमका समस्याहरू समाधान गर्न के कस्तो पहल भइरहेको छ ?
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................
- ..........................................................................................

-

- ..............

- हस्ताक्षर

**- समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन**

**- अनुसूची - ४**

**- स्रोतव्यक्तिका लागि प्रश्नावली**

- नाम : ................................................................ कार्य अवधि ............
- स्रोतकेन्द्र : ........................................................ ठेगाना : ..................
-
- १. समाहित शिक्षाका लागि स्रोतकेन्द्रबाट विद्यालयमा के कस्ता भौतिक सामग्रीहरूको आवश्यकता महसुस गरी सहयोग गरिरहनु भएको छ ?
- ..........................................................................................
- ..........................................................................................

- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- २. विद्यालयमा समाहित शिक्षाका लागि शिक्षण सिकाइमा स्रोतकेन्द्रको कस्तो भूमिका रहेको छ ?
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ३. समाहित शिक्षा कार्यान्वयन गर्न तपाईंको स्रोतकेन्द्रका विद्यालयमा क-कस्ले के कस्तो पहल गरिरहनु भएको छ ?
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ४. समाहित शिक्षा कार्यक्रमका समस्याहरू के के रहेका छन् ?
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ५. स्रोतव्यक्तिका हैसियतले समाहित शिक्षा कार्यक्रमका समस्याहरू समाधान गर्न के कस्तो पहल गरिरहनु भएको छ ?
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………
- ………………………………………………………………………………………

- …………
- हस्ताक्षर

**- समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन**

**- अनुसूची - ५**

**- विद्यालयमा उपलब्ध भौतिक विवरण**

| क्र.सं. | भौतिक साधन | छ | कतिवटा छ | पर्याप्त | अपर्याप्त | छैन |
|---|---|---|---|---|---|---|
| 1 | विद्यालय भवन | | | | | |
| 2 | कक्षा कोठा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | खानेपानी | | | | | |
| 4 | छात्रा शौचालय | | | | | |
| 5 | छात्र शौचालय | | | | | |
| 6 | भण्डार कक्ष | | | | | |
| 7 | प्र.अ. कक्ष | | | | | |
| 8 | अतिरिक्त क्रियाकलाप कक्ष | | | | | |
| 9 | शिक्षक कक्ष | | | | | |
| 10 | क्यान्टिन | | | | | |
| 11 | पुस्तकालय | | | | | |
| 12 | विद्यालय कम्पाउन्ड | | | | | |
| 13 | प्रयोगशाला | | | | | |
| 14 | शैक्षिक सामग्री | | | | | |
| 15 | कम्प्युटर | | | | | |
| 16 | खेल मैदान | | | | | |
| 17 | डेक्स बेन्च | | | | | |
| 18 | कुर्सी | | | | | |
| 19 | ऱ्याक | | | | | |
| 20 | कालोपाटी | | | | | |
| 21 | दराज | | | | | |
| 22 | ग्लोब | | | | | |
| 23 | नक्सा | | | | | |
| 24 | फ्लाटिन बोर्ड | | | | | |
| 25 | टेलिभिजन | | | | | |
| 26 | खेलकुद सामग्री | | | | | |
| 27 | शिक्षक निर्देशिका | | | | | |
| 28 | विषय विस्तृतीकरण | | | | | |

-

-

## समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

## अनुसूची - ६

## मत सवेक्षण फारम

**समाहित शिक्षा कार्यक्रम कार्यान्वयनको स्थिति कस्तो देख्नु भएको छ ?**

| विवरण | जम्मा सङ्ख्या | सरोकारवालाहरूको मत | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | सामान्य | न्यून |
| प्र.अ. | | | | | | |
| वि.व्य.स. पदाधिकारी | | | | | | |
| स्रोतव्यक्ति | | | | | | |
| शिक्षक | | | | | | |
| अभिभावक | | | | | | |
| कुल जम्मा | | | | | | |

**समाहित शिक्षाका समस्याहरू कस्ता प्रकृतिका छन् ?**

| विवरण | जम्मा सङ्ख्या | सरोकारवालाहरूको मत | | |
|---|---|---|---|---|
| | | जटिल | मध्यम | सामान्य |
| प्र.अ. | | | | |
| वि.व्य.स. पदाधिकारी | | | | |
| स्रोतव्यक्ति | | | | |
| शिक्षक | | | | |
| अभिभावक | | | | |
| कुल जम्मा | | | | |

| समाहित शिक्षामा जटिल/मध्यम/सामान्य मध्ये ..... हुनुका कारणहरू के के हुन् ? |
|---|
| |
| |
| |
| |

## समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

## अनुसूची - ७

### - नमुना विद्यालयको नाम र ठेगाना तथा प्र.अ.र शिक्षकहरूको नामावली

| विद्यालयको नाम | ठेगाना | प्रधानाध्यापकको नाम | शिक्षकहरूको नाम |
|---|---|---|---|
| श्री त्रिभुवन मा.वि. अर्ता | डुम्राहा-२, सुनसरी | श्री गंगाराम मण्डल | डिल्लीप्रसाद खतिवडा<br>किरण कुमार कार्की |
| श्री शनिश्चरे मा.वि. | डुम्राहा-१, सुनसरी | श्री निरन्जन दास | काशीनाथ सिंह<br>रामबहादुर खड्का |
| श्री शेहरा प्रा.वि. | डुम्राहा-३, सुनसरी | श्री हेमबहादुर बिष्ट | मन्जिलाल चौधरी<br>कैलाश निरौला |
| श्री वि.पि.नि.मा.वि. | डुम्राहा-८, सुनसरी | श्री किरणहरि भट्टराई | मिना चौधरी<br>फुलेश्वरी चौधरी |
| श्री सरस्वती प्रा.वि. | डुम्राहा-८, सुनसरी | श्री लक्ष्मण प्र. चौधरी | सुनिता साह<br>भाग्यवती साह |
| श्री ठूलेमोहोर प्रा.वि. | डुम्राहा-३, सुनसरी | श्री बाबुराम थापा | मन्जु कार्की<br>कोपिला कार्की |
| स्रोतव्यक्ति : श्री यज्ञप्रसाद ढकाल, बलाहा स्रोतकेन्द्र, सुनसरी | | | |

## समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

## अनुसूची - ८

### - नमुना छनोटमा परेका वि.व्य.स.पदाधिकारी र अभिभावकहरूको नामावली

| विद्यालयको नाम | वि.व्य.स.पदाधिकारीको नाम | अभिभावकको नाम |
|---|---|---|
| श्री त्रिभुवन मा.वि. अर्ता | रघुविर मण्डल | घनानन्द मण्डल<br>गणेश मण्डल<br>मुरली ठाकुर<br>जोगेन्द्र साह |
| श्री शनिश्चरे मा.वि. | खुसीलाल चौधरी | हरेराम चौधरी<br>तारादेवी परियार<br>फुदन विश्वकर्मा<br>तारा चौधरी |
| श्री शेहरा प्रा.वि. | बलबहादुर खड्का | भोलाकाजी भुजेल<br>ध्रुब खड्का<br>इन्दिरा परियार<br>काली मगर |
| श्री वि.पि.नि.मा.वि. | रमानन्द मेहता | झमेली मेहता<br>पुष्पा मेहता<br>हेमन्त दास<br>मनिक चौधरी |
| श्री सरस्वती प्रा.वि. | महानन्द सिंह | विनिता साह<br>विजय मेहता<br>सैनिक उराँव<br>प्रमोद उराँव |
| श्री ठूलेमोहोर प्रा.वि. | पर्शुराम कार्की | चेतबहादुर राई कुमार भुजेल<br>काले परियार<br>प्रेम निरौला |